**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १४७ ★ ने. सं. ११४६ तछला थ्व, पञ्चमी ★ शुक्रबार ★ ५ असार, २०८३ ★ June 19, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ३०

**प्रहरी वृत्त स्वयम्भूमा कार्यरत प्रहरी जवान क्षेत्रराज तिमिल्सेना :**

भदौ २४ गते अ.१२:१५ बजे सुरुमा केही मानिसको भिड आएर प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरे । केही व्यक्तिले रड, खुकुरी, लाठी, ढुङ्गा, पेट्रोल भरेका बोतलसमेत बोकेका देखिन्थे । प्रदर्शनकारीहरूले चारैतर्फबाट ढुङ्गामुढा गरी पर्खाल तथा गेटसमेत भत्काए । त्यसक्रममा १०/१५ जना प्रहरी घाइते भए ।

अन्दाजी १४:३० बजे कार्यालयमा रहेका हातहतियार र महत्त्वपूर्ण सामग्रीसहित सैनिक अस्पताल छाउनी गयौँ । प्रदर्शनकारीहरूले गरेको तोडफोड तथा आगजनीबाट कार्यालयको भवन, सवारी साधन, हातहतियार, मिसिल र कर्मचारीका लुगालगायत जिन्सी सामान जलेर नष्ट भए ।

**सङ्घीय संसद् भवन सुरक्षा वेश बानेश्वरमा कार्यरत प्रहरी जवान हिक्मत वि.क.:**

भदौ २३ गते लगभग ११.०० देखि १२.०० बजेको समयमा प्रदर्शनकारीहरूले संसद् भवन परिसरको पर्खाल भत्काएर प्रहरी पोस्टहरूमा तोडफोड र आगजनी गर्दै संसद् भवनभित्र प्रवेश गर्न थाले । म आफ्नो हातहतियारसहित पोस्टबाट बाहिर निस्की केही पछाडि गएँ । बाहिर ग्यासगन, गोली प्रहार भएको आवाज सुनिन थाल्यो । बेलुकातिर भिड आ-आफ्नो गन्तव्यतिर लागेपछि वातावरण शान्त भयो । सामाजिक सञ्जालहरूबाट प्रदर्शनकारीहरू घाइते भएको र मृत्युसमेत भएको जानकारी प्राप्त भयो ।

२४ गते बिहानैदेखि प्रदर्शनकारीको ठूलो समूहले संसद् भवन चारैतिरबाट घेरे । लगभग १३.०० बजे थेग्नै नसक्ने भिडले ढुङ्गामुढा, गुलेली, पेट्रोल बम प्रहार गर्दै पर्खाल फोडे । भिड खुकुरी, भाला, लाठी देखाउँदै प्रवेश गरेर संसद् भवन जलाए । सो अवस्थामा नेपाली सेनाबाट कुनै सुरक्षात्मक प्रतिक्रिया भएन ।

**प्रहरी वृत्त थानकोटमा कार्यरत प्रहरी जवान चुमान सिंह धामी :**

भदौ २३ गते म थानकोट प्रहरी वृत्तका प्रहरी नायव उपरीक्षक एलिजा गिरीको कमान्डमा १५ जनाको टोलीसहित अं.१० बजे माइतिघर मण्डलामा खटिएको थिएँ । सो समय माइतिघरमा अ. १००० जनाजति भेला भएका थिए । भेला भएका मध्ये कतिपयले स्कूल र कलेजको पोशाक लगाएका थिए ।

अ. ११:३० देखि १२:०० बजे माइतिघर मण्डलामा भेला भएको भिड नयाँ बानेश्वरतर्फ अगाडि बढ्यो । भिडमा एउटा ढाला भएको पिकअप गाडीमा केही मानिस माइकिङ गर्दै थिए । त्यतिबेला भिडलाई कर्डन गर्दै लैजान हम्मेहम्मे परेको थियो । भिड एभरेस्ट होटल अगाडि रहेको ब्यारिकेडसम्म पुग्यो । सो समयमा अ. १५ हजार मानिस भेला भइसकेको हुनुपर्छ । त्यसपछि सो भिडले ब्यारिकेड भत्काउने, बोतल हान्ने, निषेधित क्षेत्र लेखिएको ब्यानरसमेत च्यात्ने काम सुरु गरे ।

केही समयपछि बुद्धनगर जाने ओरालोतर्फबाट अ. ५०-१०० जना मोटरसाइकलमा आएकाहरू भिडसँग मिस्सिएपछि भिड झनै उत्तेजित र आक्रमक हुन थाल्यो । भिड ब्यारिकेड तोडेर संसद् भवनतर्फ अगाडि बढ्यो । हामीले घुँडामुनि लाठी प्रहार गरेर तितरबितर पार्ने प्रयास गर्‍यौँ । सोक्रममा घाइते प्रहरी कर्मचारीको उद्धार गर्न आइपुगेको सशस्त्र प्रहरी बलको एम्बुलेन्ससमेत केही व्यक्तिले आगजनी गरे । त्यसपश्चात् केही समयसम्म आन्दोलनकारी र हामीबिच दोहोरो भिडन्त भयो ।

भदौ २४ गते म प्रहरी वृत्त थानकोटमा खटिएको थिएँ । अन्दाजी १५:०० बजे हाम्रो कार्यालय भवन अगाडि अ. ४ देखि ५ हजार मान्छे जम्मा भएर नाराबाजी गर्दै ढुङ्गामुढा, पेट्रोल बम प्रहार गर्ने काम भयो । अ. १६:३० बजेको समयमा कार्यालयभित्र प्रवेश गर्न खोजेपछि हामीले बाहिर लखेट्ने काम गर्‍यौँ । त्यसपछि दुई वटा मोटरसाइकलबाहेक कार्यालयको सवारी साधन, हातहतियार र गोलीगट्ठासहित नेपाली सेनाको शिक्षालयमा पुगी बस्यौँ ।

**प्रहरी वृत्त सिंहदरबार काठमाडौँमा कार्यरत प्रहरी जवान बखत गिरी :**

भदौ २३ गते म बिहान अन्दाजी ०९:३० बजेदेखि नै माइतिघर मण्डलामा खटिएको थिएँ । सो समयमा अन्दाजी ४००० जना युवायुवतीको भिड बानेश्वरतर्फ बढ्यो । साँझतिर हामीले लाठीचार्ज गरेर भिडलाई तितरबितर पार्‍यौँ । अं २०:३० बजेको समयमा आन्दोलन हुने क्रम रोकिएपछि कार्यालय फर्केर ब्यारेकमा सुत्यौँ ।

भदौ २४ गते बिहान अं. ०८:०० बजे हाम्रो टोली माइतिघर मण्डला पुग्यो । सो समय माइतिघरमा धेरै मानिस थिएनन् । म प्रनाउ सरको गाडी सुरक्षार्थ सिंहदरबारको पश्चिम गेटभित्र गएर बसेँ । त्यहाँ अन्दाजी १०:३० बजे करिब ७००० जनाको भिडले हातमा भाला, बेल्चा, रड बोकेर सिंहदरबारको पश्चिम गेट तोडफोड गर्दै प्रदर्शनकारीहरू सिंहदरबारभित्र प्रवेश गरे ।

सिहंदरबारभित्र रहेको प्रहरीको सुरक्षा गणका हातहतियार नेपाली सेनाको कार्यालयमा सारिरहेको अवस्थामा मैले मसँग रहेको SLR र गोलिसमेत नेपाली सेनाको कार्यालयमा बुझाएँ । त्यसपछि हामी नेपाली सेनाको पूर्वीगेटमा रहेको ब्यारेकमा गएर बस्यौँ ।

*बाँकी पृष्ठ ८ मा*

**व्यङ्ग्यचित्रको कुनो**




## अवकाशपछि पनि शैक्षिक क्षेत्रमा सक्रिय रहन आग्रह




भक्तपुर, ४ असार । आदर्श आजाद मा.वि. भेलुखेलमा बिहीबार अनिवार्य अवकाश प्राप्त प्र.अ. चक्रबहादुर चाकतुको बिदाइ तथा पदभार हस्तान्तरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले अवकाशपछि पनि शैक्षिक क्षेत्रमा सक्रिय रहन ‘सेवा निवृत्त शिक्षक समाज’ गठन गरिएको जानकारी दिँदै उक्त समाजमा आबद्ध हुन सेवा निवृत्त शिक्षक चक्रबहादुर चाकतुलाई अनुरोध गर्नुभयो ।

विगत लामो समयदेखि एउटै शिक्षक सङ्घमा रहेर चाकतु सरसँग काम गर्दै आएको अनुभव सुनाउँदै उहाँले चक्रसर सामूहिक भावनामा विश्वास गर्ने व्यक्ति हुनुहुन्छ, अबको नयाँ नेतृत्वले पनि सामूहिक भावनालाई कदर गरी काम गर्न आग्रह गर्नुभयो ।

विद्यालयको ६७ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित स्मारिकामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले विद्यालयको नामअनुसार आजादी भावनाले काम गर्न दिनुभएको विचारलाई मनन गर्न अनुरोध गर्दै उहाँले आजादी भावनाले काम गर्न सजिलो नभएको उदाहरण दिनुभयो ।

शिक्षण पेसा पैसा कमाउने पेसा होइन भन्दै उहाँले पैसाभन्दा धेरै मूल्यवान देश र समाजको लागि आवश्यक योग्य जनशक्ति बन्ने विद्यार्थीहरू नै शिक्षकका अक्षय सम्पत्ति हुन् भन्नुभयो ।

हप्ताको दुई दिन बिदा दिने सङ्घीय सरकारको निर्णय विगतमा दुईपटक असफल भएको चर्चा गर्दै उहाँले शिक्षा र स्वास्थ्य क्षेत्रमा यो बिदा उचित नभएको तर्क गर्नुभयो ।

कार्यक्रमका सभापति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले जान्ने भई टोपल्नुभन्दा नजान्ने भई जिज्ञासु हुनु धेरै श्रेयस्कर भन्दै विभिन्न दार्शनिकहरूको उदाहरण सुनाउनुभयो ।

सामुदायिक शिक्षण सेवामा १०-४ को जागिरे दायित्वभन्दा अतिरिक्त सेवाको योगदानको खाँचो औँल्याउँदै उहाँले शैक्षिक नेतृत्वमा बस्नेहरूसँग केही थप योगदान गर्ने सङ्कल्प र प्रशासनिक कडाइको आवश्यकता हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष विश्वराम कवांले समितिले आवश्यक पूर्वाधार बनाइदिएकोलाई सही सदुपयोग शिक्षकहरूले गर्नसक्नुपर्नेमा जोड दिनुभयो ।

पूर्वप्रअ प्रतिनिधि न्हुछेभक्त कवांले आफ्नो पालामा शिक्षकहरूले एक-एक महिनाको तलब राखेर बनाएको छाप्रोमा हुर्केको यो स्कूल आज ६-७ वटा ठूला भव्य भवनहरू भएको अवस्थामा पाउँदा खुसी लागेको चर्चा गर्दै प्रगतिको निम्ति

*बाँकी पृष्ठ ८ मा*

## सिद्धान्त र विचारअनुसार राजनीति गर्नु आवश्यक

काठमाडौँ, ४ असार । नेकपा (माओवादी) र एकीकृत समाजवादी पार्टीसमेत २६ वटा दल एकीकृत हुँदा पुष्पकमल दाहाल, माधवकुमार नेपाल र वामदेव गौतमको सान अर्कै थियो । नेताहरू दाहाल र गौतमले त फागुन २१ गतेको निर्वाचनमा सबैभन्दा ठूलो दल हुने प्रण गरे र बहुमत जित्ने बखान गरे । त्यतिबेला अहिले नै समाजवादी क्रान्ति हुने जस्तो विचार शीर्ष नेताहरूले व्यक्त गरेका थिए । यसभन्दा अघि पनि दलहरू एकीकृत हुने क्रममा अब नेकपा सत्ताको खेलमा होइन जनतामाझ गएर क्रान्तिको उद्घोष गर्ने कसम उनीहरूले खाएका थिए । तर, निर्वाचनको नतिजा सार्वजनिक भएपछि उनीहरू छानाबाट खसेझैँ भए; शीर्ष नेताहरूको अनुहार निन्याउरो देखियो । उनीहरूको होस उड्यो । क्रान्तिको झन्डा फरफराउने सपना सबै तुहेको जस्तो भयो । कुनै शीर्ष नेताको अनुहारमा चमक थिएन; चैतको हुरीले झैँ उनीहरूको सपना कता उडायो कता थाहै भएन । त्यतिबेला शीर्ष नेताहरूले भनेका थिए, अब देशमा नेकपाले क्रान्तिको उद्घोष गर्छ ।

यी सबै बकवासमा परिणत भयो । यस्तै हावादारी र आश्वासनको राजनीतिले वास्तवमा कम्युनिस्ट पार्टीको बदनाम भयो । कम्युनिस्ट पार्टीको बदनाम गराउने या कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारअनुसार काम नगर्ने; अझ कम्युनिस्ट विचारविपरीत पुँजीपति र विदेशी दलालहरूको साथ र सहयोगमा सत्तामा पुगेर पुँजीपति र जमिनदारहरूको पृष्ठपोषण गर्ने काममा लाग्यो । ठूला कम्युनिस्ट पार्टीहरूको यस्तै चर्तिकलाको कारण साना तर सच्चा कम्युनिस्ट पार्टीमा पनि असर पुग्यो । ठूला दलकै कारण कम्युनिस्ट पार्टी नामको मात्र रह्यो भनी प्रचार भयो । यसले गर्दा कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारअनुसार समाजवादी आन्दोलन अघि बढाइरहेको दल र दलका नेताहरूलाई अर्कै नजरले हेर्न थाल्यो । तर, एउटा दलले गरेको गल्ती अर्को दललाई दिनु हुँदैनथ्यो । एउटा दलले गरेको कमजोरीको दोष अरू सबै दललाई दिनु हुँदैनथ्यो । यो कुरा देशका राजनीतिक विश्लेषक, लेखक, सञ्चारकर्मी, बुद्धिजीवी र नागरिक समाजले बुझ्नुपर्ने हो; बुझेर विश्लेषण गर्नुपर्ने हो । यो नहुनु विडम्बनाकै विषय हो ।

२६ दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीको अहिले त्यति गतिविधि देखिएको छैन । सदनमा बाहेक नेकपाको स्वर अन्त गुञ्जिएको देखिँदैन । नेकपाले देशको समसामयिक विषयमा केही विचार सार्वजनिक नगरेकै कारण नेकपाभित्रको विवाद पनि उत्कर्षमा पुगेको खबर छापामा आयो । बिहीबार प्रकाशित ‘नयाँ पत्रिका’ मा ‘नेकपाभित्रको विवाद उत्कर्षमा : झलनाथले मागे प्रचण्ड र माधव नेपालको राजीनामा’, ‘अन्नपूर्ण पोस्ट’ मा ‘झलनाथले पठाए दाहाललाई पत्र : पार्टी खोरजस्तै भयो’ शीर्षकका समाचार छापिए । पार्टी नेता पूर्वप्रधानमन्त्री झलनाथ खनालले ३६ बुँदे

*बाँकी पृष्ठ ८ मा*




**जावलाखेलमा भक्तजनको घुइँचो**

वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथ बुधबार साँझ जावलाखेलमा पुऱ्याएपछि बिहीबार बिहानैदेखि दर्शन एवं पूजाआजा गर्न आउने भक्तजनको घुइँचो । *तस्बिर: कृष्णराज गौतम/रासस*

# नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको सातौँ महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरूको पदस्थापन

काठमाडौँ, ४ असार । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको सातौँ महाधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिको पदस्थापन कार्यक्रम होटल सोल्टी क्राउन प्लाजामा मङ्गलबार सम्पन्न भयो ।

वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्र बानियाँको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा नवनिर्वाचित अध्यक्ष सरोज सिटौलासहित सम्पूर्ण पदाधिकारीहरूलाई पदस्थापन गरिएको हो ।

कार्यक्रममा यातायात क्षेत्रको चौतर्फी सुधार, दुर्घटना न्यूनीकरण, भौतिक पूर्वाधारको विकास, कर प्रणालीमा सहुलियत तथा चालकहरूको रोजगारी सुनिश्चित गरिनुपर्नेजस्ता समसामयिक विषयहरूमा जोड दिइएको थियो ।

महाधिवेशनबाट भक्तपुर जिल्लाबाट मिनीबस वर्गीय संयोजकमा बाबुकाजी छुँजु, केन्द्रीय सदस्यमा ज्ञानकाजी महर्जन, मिनी ट्रक वर्गीय केन्द्रीय सदस्यमा सत्यनारायण सुवाल तथा प्रदेश केन्द्रीय सदस्यमा नरेश गोठे निर्वाचित भई पदस्थापित हुनुभएको छ ।

कार्यक्रममा विभिन्न यातायात सङ्घ-संस्थाका प्रतिनिधिहरूले नवनिर्वाचित कार्यसमितिलाई शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । सो अवसरमा महासङ्घका निवर्तमान अध्यक्ष विजयबहादुर स्वारले सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद दिँदै नयाँ कार्यसमितिले यातायात क्षेत्रको हित, अधिकार र सुधारका लागि आगामी दिनमा अझ सक्रिय भएर काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

# वातावरण संरक्षण मञ्चद्वारा वाग्मती एकीकृत सभ्यता आयोजनालाई ध्यानाकर्षण

काठमाडौँ, ३ असार । वातावरण संरक्षण मञ्च भक्तपुरद्वारा बुधबार वाग्मती एकीकृत सभ्यता आयोजनालाई ध्यानाकर्षण पत्र बुझाइयो ।

आयोजना प्रमुख मचाकाजी महर्जनले हनुमन्ते खोला सफा नभई वाग्मती सफा नहुने बताउँदै आगामी वर्षको कार्यक्रममा हनुमन्ते सफाइको लागि १६ करोडको बजेट रहेको जानकारी दिनुभयो ।

उहाँले हनुमन्तेको जल प्रदूषण घटाउनका लागि हुने पछिल्लो छलफलमा मञ्चलाई पनि सहभागी गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वाग्मती एकीकृत सभ्यता आयोजना प्रमुख मचाकाजी महर्जन र उपनिर्देशक बिदुर झासमक्ष वातावरण संरक्षण मञ्चको तर्फबाट हनुमन्तेको प्रदूषण रोक्ने कार्यक्रमसहित विभिन्न वातावरण सम्बन्धित मागहरू पेस गरिएको थियो ।

# ठाउँठाउँमा भारी वर्षा, भैरहवाको तापक्रम ४१.५ डिग्री

काठमाडौँ, ४ असार । देशका विभिन्न क्षेत्रमा भारी वर्षा जारी रहँदा तराईका क्षेत्रमा तापक्रम पनि ह्वात्तै बढेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घण्टामा गोरखा, मोरङ, सुनसरी र झापामा भारी वर्षा भएको छ ।

गोरखामा ७१.८, मोरङमा ६१.८, सुनसरीमा ५१.४ र झापामा ७१.२ मिलिमिटर वर्षा भएको छ । यसअघि हिजो झापामा १०३ मिलिमिटरमाथि वर्षा भएको मापन गरिएको थियो ।

उक्त जिल्लामा भारी वर्षा हुँदा देशका अन्य क्षेत्रमा तापक्रम बढिरहेको विभागका सूचना अधिकारी दिनकर कायस्थले जानकारी दिनुभएको छ ।

विभागका अनुसार पछिल्लो अभिलेखअनुसार भैरहवामा ४१.५ डिग्री तापक्रम मापन भएको छ । यस्तै नेपालगञ्जमा ४०.४ डिग्री तापक्रम भएको छ । धनगढीमा ३८.८ डिग्री तापक्रम रेकर्ड भएको छ ।

अन्य जिल्लामा पनि तापक्रम बढेको छ । काठमाडौँमा पनि तापक्रम बढेर ३१.३ डिग्रीमा पुगेको छ ।

मौसम विज्ञान विभागका सूचना अधिकारी कायस्थका अनुसार बिहीबार धनगढी, वीरेन्द्रनगर, नेपालगञ्ज, घोराही, भैरहवा र सिमरामा तातो दिन हुने सम्भावना छ ।

हाल नेपालमा उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यून चापीय रेखा, स्थानीय वायु तथा पूर्वीय वायुको समेत आंशिक प्रभाव रहेको जनाइएको छ ।

विभागले बिहीबार जारी गरेको मौसम बुलेटिनअनुसार बिहीबार देशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्ने तथा कोसी र मधेस प्रदेशका तराई भू-भागमा आंशिक बादल लाग्ने छ । वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागमा मौसम मुख्यतया सफा रहने छ । कोसी, वाग्मती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागका थोरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू-भागका एकदुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । कोसी र मधेस प्रदेशको तराईका पनि एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ ।

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका केही स्थानहरू तथा वाग्मती र गण्डकी प्रदेशका तराई भू-भागका थोरै स्थानमा पनि तातो दिन हुने सम्भावना रहेको जनाइएको छ । (*रासस*)

# खेलकुदमा विनियोजित बजेट हिनामिना छानबिन गर्न माग

खोटाङ, ४ असार । खेलकुदको बजेट छानबिनको माग गर्दै खेलकुदसँग सम्बद्ध सङ्घ संस्थाहरूले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि कोसी प्रदेश खेलकुद विकास बोर्डले जिल्लामा पठाएको बजेट खेलकुद विकास समितिका अध्यक्ष रमेश राई 'महेश' र कार्यालय प्रमुख लीलाभक्त केसीले हिनामिना गरेको आरोप लगाउँदै छानबिनको माग गर्दै ती संस्थाका प्रतिनिधिले बुधबार ज्ञापनपत्र बुझाएका हुन् ।

प्रदेश खेलकुद विकास बोर्डले पठाएको रु. आठ लाखमध्ये रु. छ लाख ५६ हजार अध्यक्ष राईले पेस्कीबापत लिएको र रु. २० हजार मसलन्दमा खर्च भएको कार्यालय प्रमुख केसीले बताउनुभएको छ । अन्य रु. एक लाख ४४ हजार भने विसं २०८१ असारमा बुइपामा भएको प्रदेशस्तरीय महिला फुटबल प्रतियोगितामा खर्च भएको जनाइएको छ ।

अध्यक्ष राईले गलत मनसायले रकम निकासा नगरेको उल्लेख गर्दै पेस्कीबापत लिएको रकम तीन दिनभित्रै जम्मा गर्ने गत जेठ-३० गते बताउनुभएको थियो । अहिलेसम्म पनि फिर्ता नगरेकाले ज्ञापनत्र बुझाउनुपरेको नेपाल सितोरियो कराते सङ्घ खोटाङका अध्यक्ष मिलन कसजूले बताउनुभएको छ ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी रेखा कँडेलले रकम हिनामिना भएको बारेमा अध्ययन गरिने बताउनुभएको छ । ज्ञापनपत्रमा नेपाल कराते महासङ्घ खोटाङका अध्यक्ष सुमन राई, जिल्ला खेलकुद कबड्डी सङ्घका अध्यक्ष चन्द्रकुमार श्रेष्ठ, जिल्ला ब्याडमिन्टन सङ्घका अध्यक्ष पर्शुराम थापा 'आशिष', नेपाल सितोरियो कराते सङ्घका अध्यक्ष मिलन कसजू, जिल्ला एथ्लेटिक्स सङ्घका उपाध्यक्ष धनिराम राई, नेपाल तेक्वान्दो सङ्घका सचिव मोहन राई, नेपाल खेलकुद प्रतिष्ठानका अध्यक्ष सञ्जयकुमार राई, कराते अन्तर्राष्ट्रिय प्रशिक्षक मोतिचन्द्र राई, भलिबल अन्तर्राष्ट्रिय प्रशिक्षक जीतेन्द्र राई, भलिबल प्रशिक्षक तथा निर्णायक मिलन राई, जिल्ला बुद्धिचाल सङ्घ खोटाङका उपाध्यक्ष कृष्ण गुरुङ र फुटबल खेलाडी तथा निर्णायक शैलेन्द्र बजिमयले हस्ताक्षर गर्नुभएको छ ।

यस वर्ष जिल्लामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितासमेत गरिएको छैन । (*रासस*)

# प्रतिनिधिसभा बैठक : प्रतिपक्षी दलले उठान गरेका विषय पूरा गर्न माग

काठमाडौँ, ४ असार । प्रतिनिधिसभाको बिहीबारको बैठक सुरुआत हुनेबित्तिकै विपक्षी दलका सांसदहरूले आ-आफ्ना आसनबाट उठेर सरकारले आफ्ना माग कार्यान्वयन नगरेकामा विरोध जनाउनुभयो ।

यसपछि सभामुख सभामुख डोलप्रसाद अर्यालले उहाँहरूलाई भनाइ राख्न समय दिनुभयो ।

यसक्रममा नेपाली काङ्ग्रेसका सांसद नरेन्द्रकुमार केरुङले सम्पत्ति छानबिनसम्बन्धी आयोगको प्रतिवेदन, मानवअधिकारसम्बन्धी प्रतिवेदन कार्यान्वयनलगायत अन्य विषयमा पटक-पटक सदनमार्फत सरकारको ध्यानाकर्षण गराइए पनि कार्यान्वयन नगरिएको गुनासो गर्नुभयो ।

नेकपा (एमाले) का सांसद लक्ष्मीप्रसाद पोखरेलले गत जेठ १७ गते प्रधानमन्त्रीले सदनमा दिनुभएको अभिव्यक्तिप्रति असहमति जनाउनुभयो ।

सोही पार्टीका सांसद ऐन महरले सदनका गरिमा कायम राख्नु सांसद र सरकार दुवैको साझा दायित्व भएकामा जोड दिनुभयो ।

नेपाली कम्युनिस्ट पार्टी सांसद रमेशकुमार मल्लले प्रतिपक्षी दलले संसद् उठाएका प्रश्नको उचित सम्बोधन नभएको गुनासो गर्नुभयो ।

श्रम संस्कृति पार्टी सांसद हर्कराज राईले भुटानी शरणार्थीका माग र समस्याको उचित सम्बोधन गर्न सरकारसँग आग्रह गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ताहिर अली भाटले पेट्रोलियम पदार्थको मूल्य घटाउन र उपभोक्तामाथि थप आर्थिक भार पर्न नदिन सरकारको ध्यानाकर्षण गराउनुभयो । (*रासस*)

# प्रकृति संरक्षणमा सेनाको सचेतना

महेन्द्रनगर, ४ असार । कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका विद्यालयमा नेपाली सेनाले प्रकृति संरक्षण तथा मानव वन्यजन्तुको द्वन्द्व न्यूनीकरणका लागि सचेनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको रणसिंह दल गणले बेदकोट नगरपालिका-१० चतहरीस्थित रत्न माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रकृति संरक्षणसम्बन्धी सचेतनाका प्रदान गरेको हो ।

रणसिंहदल गणका गणपति प्रमुख सेनानी प्रकाश घिमिरेले प्रकृति संरक्षण, मानव वन्यजन्तु द्वन्द्व तथा न्यूनीकरणका उपायसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

उहाँले त्यसअवसरमा कक्षा ८, ९ र १० मा अध्ययनरत १२९ जना छात्रछात्रालाई शैक्षिक तथा खेलकुदको सामग्री वितरण गर्नुभयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोषकाका कार्यालय प्रमुख लक्ष्मीराज जोशीले इको क्लबमा आबद्ध विद्यार्थीलाई कृषि औजार तथा बोट बिरुवा हस्तान्तरण गर्नुभयो ।

सेनाले मध्यवर्ती क्षेत्रका स्थानीय विद्यालयका छात्रछात्रालाई सहभागी गराई प्रकृति संरक्षणको महत्त्व, मानव वन्यजन्तु द्वन्द्व, न्यूनीकरणका उपाय, जनावरको आनीबानी, मानवीय व्यवहारसम्बन्धी सचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

कार्यक्रममा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष लबबहादुर विष्ट, बेदकोट नगरपालिका-१० का अध्यक्ष रतनसिंह विष्ट, वेदकोट उपभोक्ता समितिका अध्यक्ष भानुमति खडायत, श्रीरत्न माध्यमिक विद्यालयका प्रधानाध्यापक शेरबहादुर सार्कीलगायतले सचेतामूलक कार्यक्रमको महत्त्वबारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । (*रासस*)

# नारायणगढ-मुग्लिन सडक खण्डमा यातायात सञ्चालनमा

मुग्लिन (चितवन), ४ असार । नारायणगढ-मुग्लिन सडकमा दुईतर्फी रूपमा यातायात सञ्चालनमा आएको छ । सडक डिभिजन कार्यालय भरतपुरका अनुसार बुधबार राति ९ बजे इच्छाकामना ५ तुइनखोलामा पहिरो खसेपछि सडकमा यातायात सेवा अवरुद्ध भएको थियो । सडक सुपरभाइजर ईश्वर क्षेत्रीका अनुसार पहिरो हटाएपछि अहिले दुईतर्फी सञ्चालनमा आएको जानकारी दिनुभयो । नारायणगढ-मुग्लिन सडक खण्डको तुइन खोलामा पहिरो र ढुङ्गा खसीरहने हुँदा यात्रुहरू जोखिम मोलेर यात्रा गर्न बाध्य छन् । (*रासस*)

**सङ्क्षिप्त समाचार**

## भरतपुरका २९ विषयगत सहकारी संस्था खारेज

चितवन, ४ असार। भरतपुर महानगरपालिकाले २९ वटा विषयगत सहकारीसंस्था खारेज गरेको छ।

प्राय: सबै निष्क्रिय कृषि, दुग्ध र मौरी पालनसम्बन्धी २९ विषयगत सहकारी संस्था खारेज गरिएको हो।

भरतपुर महानगरपालिकाका सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका प्रमुख रोजी केसीले नियमित रूपमा सहकारी विभागको अनलाइन सफ्टवेयरमा विवरण पेश नगर्ने, लेखा परिक्षण नगर्ने र साधारणसभा नगर्ने सहकारीहरू खारेज गरिएको जानकारी दिनुभयो।

महानगरभित्र कूल ३६३ सहकारी संस्था रहेकोमा उक्त सहकारी संस्थाको खारेजपछि अब यहाँ ३३४ सहकारी संस्था रहेका छन्। ***(रासस)***

## मकवानपुरका नवीकरण नगरिएका औषधि पसल बन्द

वाग्मती, ४ असार। मकवानपुर जिल्लाका ४० औषधि पसल बन्द गरिएको छ।

नवीकरण नगरी पसल सञ्चालन गरिएकाले बन्द गरिएको हो। फार्मेसी, भेट फर्मा र आयुर्वेद फर्माहरू बन्द गरिएका हुन्।

औषधि व्यवस्था विभागले तोकेको समयसीमाभित्र नवीकरण नगरेकाले उक्त पसल बन्द गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराजप्रसाद न्यौपानेले बताउनुभयो। ***(रासस)***

## महिला समितिले बालसुधार गृह र वृद्धाश्रमको अनुगमन गर्दै

काठमाडौँ, ४ असार। प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिले बालगृह, हिंसा प्रभावित महिलाका लागि सञ्चालित सेवा केन्द्र र वृद्धाश्रमको स्थलगत अनुगमन गर्ने भएको छ।

समितिको बिहीबारको बैठकले ती संस्थाको स्थलगत अनुगमनपछि आवश्यक सुधारका लागि सुझावसहितको प्रतिवेदन तयार गरिने सभापति आकृति अवस्थीले बताउनुभयो।

समिति सचिव इन्द्रविलास पौडेलले असार १० गते देखि १४ गतेसम्म तीन वटा टोली बनाएर देशका विभिन्न भागमा सञ्चालित बालसुधार गृह र हिंसा प्रभावित महिलाका लागि स्थापना गरिएका सेवा केन्द्र अनुगमन गरिने जानकारी दिनुभयो।

समितिले वाग्मती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा रहेका बालसुधार गृहसहित ती संस्थाको अनुगमन गर्न लागेको हो। ***(रासस)***



**संरक्षित गरेर राखिएको कृष्णसार**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुर फाँटामा संरक्षित गरेर राखिएको कृष्णसारको बथान। कृष्णसार पुन:स्थापन कार्यक्रमअन्तर्गत सन् २०१२ देखि सन् २०१५ सम्म गरी बर्दियाको खैरापुर र काठमाडौँको सदर चिडिया खाना जावलाखेलबाट गरी ४२ वटा भाले र पोथी कृष्णसार स्थानान्तरण गरिएको थियो। स्थानान्तरण गरिएका कृष्णसारको सङ्ख्या बढेर हाल तीन सय १३ पुगेको छ। *तस्बिर: राजेन्द्रप्रसाद पनेरू/रासस*

# सरकारी जग्गा भोगाधिकारबारे विभागको पत्राचार

काठमाडौँ, ४ असार। भोगाधिकारका आधारमा सरकारी जग्गा उपयोग गर्दै आएका व्यक्ति, संस्था तथा निकायलाई कानुनअनुसार लिजमा रूपान्तरण प्रक्रिया पूरा गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागले आग्रह गरेको छ।

विभागले देशभरका भूमि प्रशासन तथा मालपोत कार्यालयहरूलाई पत्राचार गर्दै भोगाधिकारमा रहेका सरकारी जग्गाको अवस्था पहिचान गरी सम्बन्धित व्यक्ति तथा संस्थालाई लिजमा रूपान्तरणका लागि जानकारी गराउन निर्देशन दिएको हो।

विभागका अनुसार सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ अनुसार भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले तोकिएको अवधिभित्र लिजमा रूपान्तरणका लागि निवेदन दिनुपर्ने व्यवस्था छ। तर कतिपय स्थानमा समयमै प्रक्रिया पूरा नभएका कारण धेरै जग्गा अझै भोगाधिकारकै अवस्थामा रहेका छन्।

पत्रमा मालपोत नियमावली, २०३६ को नवौँ संशोधनले समेत भोगाधिकारमा रहेका जग्गालाई लिजमा रूपान्तरण गर्ने कानुनी व्यवस्था स्पष्ट गरेको उल्लेख छ। सो व्यवस्थाअनुसार भोगाधिकार प्राप्त पक्षले बाँकी रकम तथा अन्य दायित्व पूरा गरी लिज सम्झौता गर्न सक्नेछन्।

विभागले भोगाधिकार समाप्त भएका वा म्याद सकिन लागेका जग्गाको विवरण अद्यावधिक गरी सम्बन्धित पक्षलाई जानकारी गराउन र लिजमा रूपान्तरणका लागि आवश्यक प्रक्रिया अघि बढाउन सबै कार्यालयलाई निर्देशन दिएको छ।

साथै, यस्ता जग्गाको अभिलेख व्यवस्थित राख्न, कानुनी अन्योल हटाउन र सरकारी सम्पत्तिको उपयोगलाई थप व्यवस्थित बनाउन विशेष ध्यान दिन भनिएको छ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशकको हस्ताक्षरसहित जारी पत्रमा भोगाधिकारका जग्गा लामो समयसम्म रूपान्तरण नभई रहँदा प्रशासनिक तथा कानुनी समस्या सिर्जना हुने भएकाले सम्बन्धित सबै पक्षलाई तत्काल प्रक्रिया अघि बढाउन आग्रह गरिएको छ। ***(रासस)***

# आन्तरिक राजस्व बढ्दा लुम्बिनी प्रदेशको आम्दानी २६ अर्ब नाघ्यो

सिद्धार्थनगर (भैरहवा), ४ असार। लुम्बिनी प्रदेशमा चालु आर्थिक वर्षको पहिलो ११ महिनामा आन्तरिक राजस्व सङ्कलनमा सुधार देखिएको छ। प्रदेश सरकारले गत जेठ २५ गतेसम्म रु. पाँच अर्ब १४ करोड ४ लाख आन्तरिक राजस्व सङ्कलन गरेको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२ प्रतिशत बढी हो।

आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशसभामा प्रस्तुत गर्नुभएको आर्थिक विवरणअनुसार सोही अवधिसम्म प्रदेश सञ्चित कोषमा रु. २६ अर्ब ५७ करोड ७७ लाख दाखिला भएको छ। सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक स्रोतबाट प्राप्त रकम सो कोषमा समावेश हुने व्यवस्था छ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा हालसम्म रु. १७ अर्ब ४७ करोड ८२ लाख खर्च गरेको जनाएको छ। यो कुल विनियोजित बजेटको ४४ दशमलव ८५ प्रतिशत हो। उक्त खर्चमध्ये रु. १० अर्ब ११ करोड ९ लाख पुँजीगत तथा सात अर्ब ३६ करोड ७३ लाख चालुतर्फ रहेको मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारका अनुसार स्थानीय तहलाई वित्तीय हस्तान्तरणअन्तर्गत रु. एक अर्ब ९३ करोड २३ लाख उपलब्ध गराइएकोमध्ये ५६ दशमलव ४२ प्रतिशत खर्च भइसकेको छ।

प्रदेश गौरवको आयोजनाका रूपमा रहेको प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्यक्रमअन्तर्गत पहिलो चरणको काम सम्पन्न भएको छ। उक्त आयोजनाको भौतिक प्रगति शतप्रतिशत तथा वित्तीय प्रगति ९५ दशमलव ५८ प्रतिशत पुगेको छ। निर्माण सम्पन्न प्रशासनिक भवनबाट गत वैशाख २१ गतेदेखि सेवा सञ्चालन भइरहेको छ।

मन्त्री कार्कीका अनुसार चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर दुई दशमलव ८७ प्रतिशत रहने अनुमान गरिएको छ। कृषि क्षेत्रमा अपेक्षित वृद्धि हुन नसक्दा तथा यातायात, सञ्चार र व्यापार क्षेत्रको बिस्तार सुस्त हुँदा आर्थिक वृद्धिदर प्रभावित भएको प्रदेश सरकारले स्पष्ट गरेको छ। अघिल्लो आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर चार दशमलव २७ प्रतिशत रहेको थियो।

प्रदेशको कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा नौ रु. खर्ब ३७ अर्ब पुग्ने अनुमान गरिएको छ। राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान १४ दशमलव दुई प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

त्यसैगरी, लुम्बिनी प्रदेशमा विद्युत् पहुँच ९८ दशमलव ६ प्रतिशत र करिब ८० प्रतिशत घरधुरीमा इन्टरनेट सेवा विस्तार भएको अनुमान गरिएको छ।

सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँटमार्फत प्रदेशको आम्दानीमा उल्लेखनीय योगदान पुगेको आर्थिक विवरणमा उल्लेख गरिएको छ। ***(रासस)***

# मेलम्ची खानेपानी आयोजनाअन्तर्गत निर्माणाधीन संरचनाको अनुगमन

काठमाडौँ, ४ असार। पूर्वाधार विकास मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीसहितको टोलीले मेलम्ची खानेपानी आयोजनाअन्तर्गत निर्माणाधीन खानेपानी संरचनाको स्थलगत अनुगमन गरेको छ।

टोलीले बिहीबार काठमाडौँको कपन र सुन्दरीजल क्षेत्रमा निर्माणाधीन खानेपानी आपूर्ति संरचनाको अवलोकन गर्दै आयोजनाको प्रगति समीक्षा गरेको थियो। अनुगमन टोलीमा आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का प्रमुख एवं इन्जिनियर रामकुमार श्रेष्ठलगायत प्राविधिक तथा सम्बन्धित निकायका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो।

अनुगमनका क्रममा सचिव पुडासैनीले निर्माण प्रगति, गुणस्तर, कार्यसम्पादन अवस्था तथा निर्धारित समयसीमाभित्र काम सम्पन्न गर्ने विषयमा जानकारी लिनुभएको छ।

उहाँले आयोजनाको गुणस्तर कायम राख्दै तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो।

सचिव पुडासैनी आयोजना समयमै सम्पन्न गरी नागरिकलाई गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउने जानकारी दिनुभयो। आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का प्रमुख श्रेष्ठका अनुसार मेलम्चीको पानी काठमाडौँ उपत्यकामा प्रभावकारी रूपमा वितरण गर्न सुन्दरीजल क्षेत्रमा हाल एक हजार ८०० मिलिमिटर व्यासको पाइप बिछ्याउने कार्य सुरु गरिएको छ।

पिआइडीबाट यो नेपालमा खानेपानी वितरणका लागि प्रयोग गरिने हालसम्मकै सबैभन्दा ठूलो व्यासको पाइप भएको उहाँले बताउनुभयो।

इन्जिनियर श्रेष्ठले भन्नुभयो, "हाल विभिन्न स्थानमा रिजर्भयर ट्याङ्की निर्माण, पाइपलाइन विस्तार तथा अन्य पूर्वाधार निर्माणका काम तीव्र गतिमा भइरहेका छन्। मेलम्चीको पानीलाई काठमाडौँ उपत्यकाका विभिन्न क्षेत्रमा प्रभावकारी रूपमा पुऱ्याउन निर्देशनालयले दिन तथा रात दुवै सिफ्टमा निर्माणको काम गरिरहेको छ।"

टोलीले गोकर्णेश्वरस्थित विकेन्द्रीकृत फोहरपानी प्रशोधन प्रणालीको समेत अनुगमन गरेको छ। अनुगमनका क्रममा फोहोरपानी व्यवस्थापन, प्रशोधन प्रक्रियाको प्रभावकारिता तथा सञ्चालन अवस्थाबारे जानकारी लियो।

मेलम्ची खानेपानी आयोजनासँग सम्बन्धित यी संरचनाले काठमाडौँ उपत्यकाका नागरिकलाई सुरक्षित तथा दिगो खानेपानी सेवा उपलब्ध गराउनुका साथै वातावरणमैत्री सरसफाइ व्यवस्थापनलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

# शीतभण्डार सञ्चालन नहुँदा किसान मर्कामा

दोधारा चाँदनी (कञ्चनपुर),४ असार। दोधारा चाँदनी नगरपालिकालाई हस्तान्तरण गरिएको शीतभण्डार सञ्चालनमा नआउँदा किसान भने मर्कामा परेका छन्।

सुदूरपश्चिम प्रदेशले शीतभण्डार आर्थिक वर्ष २०७९ मा दोधारा चाँदनी नगरपालिकालाई हस्तान्तरण गरेको थियो। प्रदेश सरकारको कूल रु. ६० लाखको लागतमा निमार्ण पुराभएको शीतभण्डार सञ्चालनमा नआपछि स्थानीय कृषकका आलु तथा प्याज लगायतका तरकारी कुँहिने समस्यामा परेको स्थानीय कृषकहरूले गुनासो गर्न थालेका छन्।

सुदूरपश्चिम प्रदेश सरकारले निर्माण गरेर हस्तान्तरण गरेको शीतभण्डार सञ्चालनका लागि 'थ्री फेज' विद्युत् लाइन जडान गर्न नसक्दा प्रयोगमा ल्याउन नसकिएको दोधारा चाँदनी नगरपालिकाका कृषि विकास अधिकृत कमलावती भट्टले जानकारी दिनुभयो।

यस वर्ष पाँचकट्ठा क्षेत्रफलमा आलुखेती गरेका दोधारा चाँदनी नगरपालिकाका प्रेम रोकायाले भण्डारण गर्ने उचित ठाउँ नहुँदा उचित मूल्य नपाउने गरेको बताउनुभयो।

उहाँले शीतभण्डार सञ्चालन नहुँदा बिउका लागि छुट्याएर राखेको आलुसमेत कुहिन थालेको बताउनुभयो। पछिल्लो समय सरकारले दिने अनुदानका कारण तरकारी खेतीमा आकर्षण बढे पनि उत्पादनलाई सुरक्षित भण्डार गर्न नसक्दा यहाँका किसानहरूले नोक्सानी बेहोर्नुपरेको छ। ***(रासस)***

# पत्रकारलाई सामाजिक सुरक्षा कोष र बीमा जोड्दै वाग्मती प्रदेश सरकार

वाग्मती, ४ असार। वाग्मती प्रदेश सरकारले प्रदेशभित्रका पत्रकारलाई सामाजिक सुरक्षा कोष र बिमामा जोड्ने तयारी गरेको छ।

सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेटमा स्वतन्त्र प्रेसको सम्मानका लागि प्रदेशका पत्रकारलाई सामाजिक सुरक्षा कोष र बिमामा जोड्नका लागि रु. एक करोड विनियोजन गरेको छ।

तेन्ह वटा जिल्लामा समेटिएको वाग्मती प्रदेशमा क्रियाशील पत्रकारको सङ्ख्या दुई हजार ५०० भन्दा बढी रहेको नेपाल पत्रकार महासङ्घ वाग्मती प्रदेशका अध्यक्ष कृष्ण सारु मगरले जानकारी दिनुभयो। सरकारले पत्रकारहरूका लागि समाजिक सुरक्षा कोष र बिमामा जोड्नका लागि विनियोजित बजेटले उनीहरूको पेसागत सुरक्षाका लागि सहयोग पुग्ने बताउँदै उहाँले यसको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो।

उक्त कार्यक्रमसहित सञ्चार क्षेत्रको हित र प्रवर्द्धनका लागि विनियोजित विभिन्न कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पनि उहाँले सम्बन्धित सबैमा आग्रह गर्नुभएको छ। ***(रासस)***

। सम्पादकीय ।

# तोडफोड र आगजनी गर्नेहरूप्रति जेनजीका अगुवाहरू किन मौन !

हरेक आन्दोलनको उद्देश्य हुन्छ । त्यो उद्देश्य पूरा गर्न नै आन्दोलन गरिएको हुन्छ । आन्दोलन सफल पनि हुन सक्छ; असफल पनि हुन सक्छ । कुनै आन्दोलन संयमित, मर्यादित र अनुशासित हुन्छ त कुनै आन्दोलन हिंसात्मक, अराजक, उच्छृङ्खल पनि हुन्छ । कुनै आन्दोलनमा घुसपैठ हुन्छ । आन्दोलनलाई अन्ततिर मोड्ने, आन्दोलन दबाउन उपद्रो गर्ने काम पनि हुन्छ । आन्दोलनमा अर्कै व्यक्ति घुसपैठ भएपछि आन्दोलन अर्कोतिर मोडिन्छ । त्यस्तो आन्दोलन अराजक, उच्छृङ्खल मात्र होइन आगजनी, तोडफोड र हिंसामा परिणत हुन्छ । कति आन्दोलनमा चर्को चर्को नारा लगाइन्छ र आन्दोलनलाई उत्तेजित बनाइन्छ । कति आन्दोलन सार्वजनिक संरचना ध्वस्त गर्ने उद्देश्यले गरिएको हुन्छ, व्यक्ति र संस्थाको सम्पत्ति लुटेको हुन्छ । नेपालको सन्दर्भमा माओवादीको 'जनयुद्ध' पछि सबभन्दा बढी धन सम्पत्ति क्षति भएको आन्दोलन जेनजी आन्दोलन हो ।

भदौ २३ र २४ गते भएको दुईदिने आन्दोलनमा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँको क्षति भएको प्रतिवेदन पेस गरिएको थियो । राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थको संयोजकत्वमा गठित समितिले २०८२ साल मङ्सिर २५ गते तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष प्रतिवेदन पेस गरेको थियो । जेनजी आन्दोलनको कारण ८४ अर्बभन्दा बढी क्षति हुनु भनेको सामान्य होइन । अहिले जेनजी आन्दोलनका अगुवाहरू सरकारमा छन्; उनीहरूले मुख्य-मुख्य मन्त्री पद सम्हालेका छन् । आफूले थालेको आन्दोलनमा अरबौँ रकमको धनसम्पत्ति क्षति भए पनि आन्दोलनकारीलाई कुनै दुःख मनाउको अनुभूति छैन । आन्दोलनमा कुन शक्ति, समूह या अराजक व्यक्तिहरू छिरेर आन्दोलनलाई आगजनीमा परिवर्तन गरे भन्ने कुरामा उनीहरूलाई कुनै चिन्ता र चासो छैन । जेनजीका अगुवाहरू आन्दोलनको सफलता या सरकार परिवर्तनको जस आफूहरू लिन्छन् र आगजनी सबै आन्दोलनमा घुसेकाहरूले गरेको स्वीकार्छन् । आन्दोलनमा को को घुसे भन्नेबारे जेनजी अगुवाहरू मौन देखिन्छन् ।

त्यही आन्दोलनको ब्याजले अहिले जेनजी अगुवाहरू सरकारको नेतृत्वमा छन् । सरकारले जेनजी आन्दोलनको क्रममा क्षति भएका सङ्घतर्फका भौतिक संरचनाको पुनःनिर्माणको लागि सरकारले ६ अर्ब रुपैयाँ बजेटमा विनियोजन गरेको छ । घटनाको छानबिन गर्न गठित समितिले भदौ २३ गते मात्रै किन प्रतिवेदन बुझायो ? भदौ २४ गतेको घटनाबारे कुनै छानबिन किन गरिएन ? यो रहस्यको विषय बनेको छ । यो घटनाले अन्तरिम सरकार प्रमुख जेनजी आन्दोलनबाट प्रभावित भएको अड्कल गर्न सकिन्छ । हो, सच्चा देशभक्त र स्वाधीन नेपाली जनताले देशको सम्पत्ति, धरोहरमा तोडफोड र आगजनी गर्दैनन् । आगजनी र तोडफोड विदेशी दलाल, विदेशी शक्ति राष्ट्रको इसारामा चल्ने कुनै तत्त्व या समूहले गरेको हुन्छ । आगजनी र तोडफोड गर्ने त्यो समूह या अराजकहरूलाई सरकारले कारबाहीको प्रक्रिया अघि बढाउन चाहेको देखिँदैन । कारबाही गर्छ कि गर्दैन, कुनै निश्चित छैन ।

जेनजी आन्दोलन गर्ने अगुवाहरूको नेतृत्वमा बनेको सरकारद्वारा गठित छानबिन समितिले के साँच्चै न्यायपूर्ण छानबिन गर्छ ? के साँच्चै छानबिन न्यायपूर्ण र निष्पक्ष हुन्छ ? छानबिन समितिले ठहर गरेका अपराधीहरूलाई सरकारले कारबाही गर्ला ? के कारबाहीको घेरामा ल्याउला ? अरबौँ अरब रकम बराबरको धनसम्पत्ति खरानी पार्ने दोषीहरूमाथि छानबिन गरेर कारबाही हुँदैन भने भोलि अर्को नयाँ पुस्ताले त्यही शिक्षा लिएर थप क्षति पुऱ्याउन अघि बढ्न सक्छ । के रास्वपा जेनजीहरूको पार्टी हो ? के यो उनीहरूको समर्थनमा बनेको सरकार हो ? जेनजीहरूको नेतृत्वमा बनेको सरकारले गठन गरेको छानबिन समितिले के भदौ २४ गतेको घटनाको निष्पक्ष छानबिन गर्ला ? निष्पक्ष छानबिन गरेर कारबाहीको प्रक्रिया अघि बढाउला ? कारबाहीको प्रक्रिया अघि बढाइँदैन भने देशमा फेरि अराजकता, उच्छृङ्खल, आगजनी र तोडफोडको घटना दोहोरिँदैन भन्न सकिँदैन ।

# श्रमको बजार र पसिनाको दर्शन
# एक जनशास्त्रीय विमर्श – २

✍ सत्यजीत



**चार्वाक र लोकायत (ई.पू. ६००-५००) :** पश्चिमा जगत्मा थेल्स र आयोनियन क्रान्ति भइरहँदा, पूर्वीय भूमि (विशेष गरी गङ्गा मैदान र नेपालको भूभाग वरपर) मा पुरोहित र शासकवर्गको गठजोडले एउटा अझ क्रूर र सङ्गठित 'भ्रमको बजार' खडा गरिसकेको थियो । वैदिक कर्मकाण्ड, जन्ममा आधारित जातप्रथा र 'परलोक, स्वर्ग, नर्क र पूर्वजन्म' को अमूर्त त्रसित भाष्य बेचेर बहुसङ्ख्यक श्रमजीवी र उत्पादनमा जोडिएका वर्ग (वैश्य र शुद्र) को श्रम लुटिरहेको थियो । महायज्ञका नाममा हजारौँ उपयोगी कृषि पशुहरूको बलि दिएर उत्पादक शक्तिलाई सिध्याइँदै थियो ।

ठ्याक्कै यही जनशोषक कालखण्डमा पूर्वीय चिन्तन परम्पराको सबैभन्दा प्रखर र विद्रोही भौतिकवादी स्कूलको उदय भयो – चार्वाक वा लोकायत दर्शन (ई.पू. ६ औँ शताब्दी)। 'लोकायत' को शाब्दिक अर्थ नै हुन्छ– 'जनतामा आधारित वा जनताको दर्शन' । चार्वाकले दरबार र मन्दिरको बौद्धिक आतङ्कवादलाई सीधा चुनौती दिँदै घोषणा गरे कि केवल त्यही सत्य हो जुन हाम्रो इन्द्रियले प्रत्यक्ष देख्न र अनुभव गर्न सक्छ । उनीहरूले पुरोहितवर्गको सातो भने , "न स्वर्गो नैव मोक्षो वा नैवात्मा पारलौकिकः । त्रयो वेदस्य कर्तारो धूर्तभण्डनिशाचराः ॥"

अर्थात्, न कुनै स्वर्ग छ न मोक्ष, न परलोकको कुनै आत्मा । यी वेद लेख्नेहरू अरू कोही नभएर श्रम नगरी बस्ने धूर्त, भण्ड र निशाचर (राक्षस) हरू हुन् ।

यो एउटा नास्तिक वाक्य मात्र थिएन, यो त श्रमजीवी जनतालाई मानसिक र आर्थिक रूपमा टाट पल्टाउने 'धार्मिक दलाली' विरुद्धको जन-घोषणापत्र थियो । चार्वाकले राजा र पुरोहितको दैवी अधिकारको सिद्धान्तलाई ध्वस्त पार्दै संसार पृथ्वी, जल, तेज र वायुजस्ता दृश्यमान भौतिक तत्त्वहरू मिलेर बनेको र चेतना शरीरकै भौतिक प्रक्रियाको उपज (Emergent Consciousness) भएको वैज्ञानिक जग बसाले । मानिसलाई काल्पनिक परलोकको उधारो सुखको प्रलोभन देखाएर यही लोकको श्रम र पसिना लुट्ने बजारलाई चार्वाकले इतिहासमै पहिलोपटक पूर्ण रूपमा नग्न पारिदिएका थिए ।

**सुकरातको 'एगोरा' र बुद्धको 'सङ्घ' : (ई.पू. ४७०-३९९ र ई.पू. ५६३-४८३)** : जब भ्रमको बजारले ज्ञानलाई दरबार र मन्दिरको घेराभित्र बन्द गरेर 'सत्य' माथि आफ्नो एकाधिकार जमाउँछ तब वास्तविक जनशास्त्रले सडक र चौतारीलाई आफ्नो जन-अदालत बनाउँछ । ईशापूर्व पाँचौँ र छैटौँ शताब्दीको इतिहास पल्टाउँदा पश्चिममा सुकरात र पूर्वमा महात्मा बुद्ध यही बौद्धिक एकाधिकार तोड्ने



समानान्तर जननायकका रूपमा देखा पर्छन् । उनीहरूले ज्ञानलाई सम्भ्रान्तहरूको 'बौद्धिक आतङ्कवाद' बाट मुक्त गरी श्रमजीवी जनताको साझा सम्पत्ति बनाए ।

इतिहासकार ए. एच. एम. जोन्सको तथ्याङ्कअनुसार तत्कालीन एथेन्सको प्रत्यक्ष लोकतन्त्रमा करिब ३०,००० नागरिक सक्रिय थिए । सुकरात ( ई.पू. ४७०-३९९) दरबारका सोफिस्ट (भाडाका बुद्धिजीवी) जस्तै पैसा लिएर शासकवर्गको अनुकूलतामा तर्क गर्दैनथे । उनी एथेन्सको 'एगोरा' (सार्वजनिक बजार/चौतारी) मा पुग्थे, जहाँ जुत्ता सिलाउने, माटोका भाँडा बनाउने र ढुङ्गा काट्ने वास्तविक श्रमजीवीहरू जम्मा हुन्थे । सुकरातले ती श्रमजीवीहरूको व्यावहारिक अनुभवलाई आफ्नो 'द्वन्द्वात्मक पद्धति' (Socratic Method) को जग बनाए र शासकवर्गले निर्माण गरेको कृत्रिम न्याय र देउताको परिभाषामाथि प्रश्न उठाए । सुकरातलाई विषको प्याला पिलाउनुको मुख्य कारण नै यही थियो - उनले शासकवर्गको सत्ता हल्लिने गरी श्रमजीवी र युवाहरूमा तार्किक चेतना भरिदिए ।

उता पूर्वमा, महात्मा बुद्ध (ई.पू. ५६३-४८३) ले गङ्गा मैदानमा स्थापित पुरोहितवर्गको वर्ण व्यवस्था र दैवी विशेषाधिकारलाई जरैदेखि हल्लाइदिए । इतिहासकार रोमिला थापरका अनुसार दोस्रो सहरीकरणको यस कालखण्डमा कृषि र व्यापारमा लागेको ठुलो श्रमजीवी जनसङ्ख्या वैदिक कर्मकाण्डको शोषणबाट त्रस्त थियो । बुद्धले ईश्वर र स्थायी आत्माको अस्तित्वलाई पूर्ण रूपमा नकारे, किनकि ईश्वरको अस्तित्व स्वीकार गर्नासाथ जातप्रथा र सामाजिक असमानता 'दैवी नियम' बन्न पुग्थे । बुद्धले आफ्नो 'भिक्षु सङ्घ' को संरचना तत्कालीन गणराज्यहरूको जनसाङ्ख्यिकीय र गणतान्त्रिक मोडलमा तयार पारे, जहाँ जात, वर्ग वा लिङ्गको कुनै बन्देज थिएन । उपालि (हजाम) र सुनित (सफाइ कर्मचारी) जस्ता उत्पीडित श्रमजीवीहरू सङ्घमा आएर समाजको सर्वोच्च बौद्धिक नेतृत्व बन्न सक्ने जनसाङ्ख्यिकीय क्रान्ति बुद्धले ल्याए । बुद्धको 'प्रतीत्यसमुत्पाद' ( कार्य-कारण नियम) ले प्रमाणित गऱ्यो कि सामाजिक परिस्थिति ईश्वरले होइन, मानवीय व्यवहार र श्रमको स्वरूपले बदल्न सक्छ ।

**युरोपेली पुनर्जागरण र प्रविधिको श्रमः (सन् १४००-१६००) :**

इतिहासको मध्यकालमा युरोप जब चर्चको 'धार्मिक अन्धकार' (Dark Ages) मा फसेको थियो, तब ज्ञान र श्रमलाई पुनः एकापसमा निषेध गरियो । चर्चको भाष्य थियो- "पृथ्वी ब्रह्माण्डको केन्द्र हो र पोप ईश्वरका प्रतिनिधि हुन् ।" यस भ्रमको बजारलाई चुनौती दिन कुनै अमूर्त दार्शनिक बहस मात्र पर्याप्त थिएन, त्यसका लागि प्रविधि र श्रमको भौतिक संयोजन आवश्यक थियो, जुन सन् १४०० देखि १६०० को पुनर्जागरण (Renaissance) कालमा सम्भव भयो ।

यो कालखण्डको सबैभन्दा ठुलो तथ्यगत मोड सन् १४४० मा आयो, जब जोहानेस गुटेनबर्गले 'मुद्रण यन्त्र' (Printing Press) को आविष्कार गरे । यो यन्त्र केवल एक मेसिन थिएन, यो त श्रम र प्रविधिको यस्तो मिलन थियो जसले ज्ञानलाई चर्चको एकाधिकारबाट मुक्त गरेर आम जनताको हातमा पुऱ्याइदियो । पुस्तकहरूको सामूहिक उत्पादनमा जोडिएका छापाखानाका श्रमिकहरूले ज्ञानको लोकतान्त्रिकीकरण गरे । यसैको बलमा वैज्ञानिक चेतनाको जग बस्यो । सन् १५४३ मा निकोलस कोपरनिकस र पछि ग्यालिलियो ग्यालिली (१५६४-१६४२) ले टेलिस्कोपजस्तो भौतिक औजार (श्रम र प्रविधिको उपज) को माध्यमबाट प्रमाणित गरिदिए कि ब्रह्माण्डको केन्द्र पृथ्वी वा चर्च होइन, सूर्य हो ।

ग्यालिलियोले जब आफ्नो अवलोकनलाई स्थापित गर्न खोजे, तब चर्चको 'इन्क्विजिसन' (धार्मिक अदालत) ले उनलाई नजरबन्द गऱ्यो । तर, विज्ञानको यो भौतिकवादी गतिलाई रोक्न सम्भव थिएन । यो कालखण्डले के प्रमाणित गऱ्यो भने, जब श्रमिकको सीप र वैज्ञानिकको प्रविधि एक ठाउँमा उभिन्छन्, तब शताब्दीऔँदेखि स्थापित धार्मिक र राजनीतिक भ्रमको बजार तासको महलझैँ ढल्छ । फ्रान्सिस बेकन (१५६१-१६२६) जस्ता चिन्तकहरूले यहीँबाट 'अनुभववाद' (Empiricism) को दर्शन अघि सारे, जसले विज्ञानको एक मात्र कसी 'प्रयोग र अवलोकन' (श्रम र प्रत्यक्ष अनुभव) लाई मात्र मान्यो ।

**डिजिटल श्रम र २१ औँ शताब्दीको जनशास्त्र** : आजको २१ औँ शताब्दी कृत्रिम बुद्धिमत्ता (AI), रोबोटिक्स र उन्नत डिजिटल कनेक्टिभिटीको युग हो । तर, यो अत्याधुनिक प्रविधिको चमकभित्र पनि एउटा पुरानै प्रवृत्तिको 'भ्रमको नयाँ बजार' चलाइएको छ । आजको कर्पोरेट शासकवर्गले प्रविधिलाई यसरी प्रस्तुत गरिरहेको छ, मानौँ यो कुनै अदृश्य 'क्लाउड' वा मानवरहित शक्तिबाट आफैँ सञ्चालित भइरहेको छ । तर, नयाँ जनशास्त्रको कसिमा हेर्दा, आजको प्रविधिको जगमा पनि विश्वव्यापी श्रमिक वर्गकै नयाँ स्वरूपको पसिना बगिरहेको देखिन्छ ।

तथ्यगत रूपमा हेर्ने हो भने, आज संसारको इतिहासमै सबैभन्दा बढी जनशक्ति प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उत्पादन र डिजिटल सञ्जालमा जोडिएको छ । कम्प्युटरका स्क्रिनहरू चम्काउन र एआई मोडलहरूलाई सिकाउनका लागि पर्दापछाडि लाखौँ 'डेटा एनोटेटर्स', कोडर्स र प्राविधिक श्रमिकहरूले अहोरात्र बौद्धिक र भौतिक श्रम गरिरहेका छन् । खनिज खानीमा लिथियम र कोबाल्ट निकाल्ने कङ्गोका खानी मजदुरदेखि सिलिकन भ्यालीमा किबोर्डमा औँला चलाउने 'डिजिटल श्रमिक' सम्म-सबैको श्रम एकै ठाउँमा उनिएको छ । तर विडम्बना, यो विशाल सामूहिक श्रमको नाफा र स्वामित्व भने केही सीमित प्रविधि-शासकहरू (Tech Oligarchs) को हातमा केन्द्रित छ, जसले एल्गोरिदम र भर्चुअल दुनियाँको नयाँ 'मेटाफिजिकल भ्रम' बेचिरहेका छन् ।

त्यसैले, २१ औँ शताब्दीको जनशास्त्र कुनै पुराना शताब्दीका जड र घिसेपिटे शब्दावलीमा अल्झिन सक्दैन । यसले श्रमको परिभाषालाई फराकिलो बनाउँदै भौतिक पसिना बगाउने भुइँको मजदुर र मानसिक पसिना बगाउने आधुनिक प्राविधिक श्रमिक दुवैलाई एउटै तार्किक धरातलमा गोलबद्ध गर्दछ । यस नयाँ भाष्यले स्पष्ट पार्छ कि प्रविधि जतिसुकै आधुनिक भए पनि, इतिहास र सभ्यताको वास्तविक चालक शक्ति 'मानवीय श्रम र विवेक' नै हो । भ्रमको यो नयाँ डिजिटल बजारलाई च्यातेर प्रविधिमाथि श्रमिक जनताको स्वामित्व र चेतना स्थापित गर्नु नै आजको युगको वास्तविक पसिनाको दर्शन हो ।

सन्दर्भ ग्रन्थ (Reference Books) निम्नानुसार छन् :
१. From Lineage to State (१९८४)
लेखक : रोमिला थापर (Romila Thapar)
२. Magic, Reason and ExperienceM Studies in the Origin and Development of Greek Science (१९७९)
लेखक: जी. ई. आर. लोयड (G.E. R. Lloyd)
३. Material Culture and Social Formations in Ancient India (१९८३)
लेखक : रामशरण शर्मा (R. S. Sharma)
४. दर्शन-दिग्दर्शन (१९४४)
लेखक : राहुल सांकृत्यायन (Rahul Sankrityayan)
५. Athenian Democracy (१९५७)
- ए.एच.एम. जोन्स (A. H. M. Jones)

***समाप्त***

*(यो आलेख लेखक सत्यजीत फेसबुकबाट साभार गरिएको हो ।)*

# नबिर्सौं, अर्को पक्ष !

● अणुराज जोशी, लेखक तथा अनुवादक

वातावरण र मानिसको सम्बन्ध अन्योन्याश्रित रहेको बारे व्याख्या गरिराख्न आवश्यक नहोला । प्रसङ्गवश, सुनिराखेको एउटा कथा सम्झनामा आयो ।

दुई-टाउके-साँप चहार्दै गर्दा एउटा टाउकोले मिठो खानेकुरा भेट्टाएछ र आफू मात्रै खान थालेछ । मुखभरि पानी रसाएका दोस्रोले, 'मलाई पनि अलिकति भए नि चाख्न देऊ' भनेर मागेको माग्यै गर्दा पनि पटक्कै वास्ता नगरी, उल्टो लोभ देखाउँदै सबै एक्लै खाएछ । केही दिन पछि, दोस्रोले खानेकुरा भेट्टाएछ र सो खान ठिक्क परेछ । तर, खानेकुरा विषालु रहेछ । सो थाहा पाएर पहिलोचाहिँले, 'नखाऊ, नत्र हामी दुबै मर्छौं' भनेछ । केहीदिन अघि मात्र मिठो खानेकुरा चाख्नसम्म नपाएको इख पालेको दोस्रोले त्यो विषालु खानेकुरा खाइहालेछ र एकै ज्यानका ती दुबै अकाल मरेछन् ।

जीवन-मरण त नियमित प्रक्रिया नै हो । ब्रह्माण्डमै सृष्टि-स्थिति-संहारको चक्र चलिरहँदो छ, दृश्य-अदृश्य रूपमा । ज्वालामुखी विस्फोट, भूकम्प, आँधीबेहरी, तुफान, सुनामी, बाढी, पहिरो, चट्याङ, महामारीजस्ता प्राकृतिक प्रकोपहरूबारे मानवजगत् परिचित नै छ । विश्व युद्ध, बमबारी (आणविक बमहरूसमेत) जस्ता मानव घटित



संहारहरूबारे पनि परिचित नै छ । हालका दिनहरूमा कोरभिड-१९ विश्व महामारीबाट मानवजगत् त्राहिमाम छ । तर, यो प्राकृतिक प्रकोप हो वा मानव घटित विश्वव्यापी विध्वंसकारी घटना हो, टुङ्गो लाग्न सकिरहेको छैन ।

ब्रह्माण्ड अनन्त छ, अथाह छ । तापनि, ४ अरब ६० करोड वर्षभन्दा पहिले हाम्रो सौर्य मण्डल उत्पत्ति भएको थियो भन्ने वैज्ञानिकहरूको अनुमान छ । उत्पत्तिक्रममा पूर्णता प्राप्त गर्न नसकेका ठुला-साना क्षुद्रग्रहहरू (Asteroids) पनि पृथ्वीलगायत ८ ग्रहहरूझैँ सूर्यको परिक्रमा गर्दै आएका छन् ।

वैज्ञानिकहरूकै भनाइअनुसार प्रत्येक १ अरब वर्षमा सूर्यको उज्यालोपन १२ प्रतिशतले बढ्ने क्रम रहेको देखिन्छ । बढ्दो तापक्रमले गर्दा पृथ्वीमा मानवजातिको अस्तित्व आगामी १ अरब वर्षसम्म मात्र सम्भव होला । सूर्यकै आयु पनि १० अरब वर्षसम्म मात्र रहने अनुमान छ । आगामी ५ अरब वर्षपछि सूर्य रातो देखिन थाल्नेछ । त्यसपछि अर्को ५ अरब वर्षमा यसको अस्तित्व नै समाप्त हुनेछ ।

असामान्य परिस्थिति पनि आउन सक्छ अथवा दुर्घटना नि हुन सक्छ । करिब ६ करोड ६० लाख वर्षअघिको कुरा, तत्कालीन समयमा पृथ्वीमा रहेका ७५ प्रतिशत जीवजन्तु तथा वनस्पति विनाश भएको थियो । त्यसैबेलादेखि डाइनोसर (Dinosaur) नामक अजङ्गको प्राणी सदाका लागि लोप भएको मानिन्छ । सो विध्वंसकारी घटनाबाट मेसोजोइक युग (Mesozoic Era) समाप्त भई सेनोजोइक युग (Cenozoic Era) प्रारम्भ भएको थियो र यो नयाँ युगले हालसम्म पनि निरन्तरता पाइरहेको छ । उपर्युक्त विनाशको कारण थियो- १० देखि १५ किलोमिटर लम्बाइ भएको क्षुद्रग्रह पृथ्वीमा आएर बग्रिनु । घटनास्थल मेक्सिको भन्ने देशमा पर्छ, तर यस घटनाको असर विश्वव्यापी बन्न पुगेको थियो ।

ती त भए प्रागैतिहासिक कुरा । अब २० औँ शताब्दीको कुरा गरौँ । सन् १९०८ जून ३० को बिहानीपख रूसको साइबेरियास्थित 'तुङ्गस्का' नदीनेर एउटा ठुलो विध्वंसकारी घटना घटेको थियो । दुई हजार एकसय पचास (२,१५०) वर्ग किलोमिटरमा फैलिएको जङ्गल क्षणभरमै मैदानमा परिणत भएको थियो । करिब ८ करोड रूख सब ढलेका थिए । अत्यन्त पातलो बस्ती भएको कारणले गर्दा मानवीय क्षति नगण्य रह्यो, मात्र ३ जनाको मृत्य भएको हुन सक्ने आकलन रह्यो । त्यो बिहान ५० देखि १९० मिटर लम्बाइ भएको क्षुद्रग्रह पृथ्वीतिर हुत्तिँदै आएर जमिनभन्दा ५ देखि १० किलोमिटर माथि विस्फोट भएको थियो । जमिन भेट्टाएको भए त झनै ठुलो विध्वंसात्मक बज्रपात हुने थियो । २० औँ शताब्दीमै सन् १९३० अगस्ट १३ मा ब्राजिलको 'कुरूका' नदीमाथि रूसको साइबेरियामा भएको जस्तै विस्फोट भएको थियो भनेर उल्लेख गरिएको पाइन्छ ।

२१ औँ शताब्दीको उल्लेखनीय ध्वंसात्मक घटनाको सन्दर्भमा सन् २०१३ फेब्रअरी १५ मा रूसको चेल्याबिन्स्क सहरमा भएको घटनालाई लिइन्छ । यो अलि सानो खालको (अन्दाजी १५ देखि २० मिटर लम्बाइ तथा ११ हजार टन बराबर वजन-भार भएको) क्षुद्रग्रह जमिन माथि विस्फोटन नै घट्न गएको घटना थियो । बाक्लो बस्ती भएकोले धेरै मानिस (१,२०० जना) घाइते भएका थिए । तीमध्ये धेरै जना विस्फोटनबाट उत्पन्न कम्पनका कारण झ्यालका सिसाहरू फुटी खसेका टुक्राटाक्रीहरू लागेर घाइते भएका थिए ।

क्षुद्रग्रहको सन्दर्भमा थप चर्चा गर्नुपर्दा क्षुद्रग्रह भनेको सौर्यमण्डलका ग्रहहरू निर्माणमा प्रयोग भएर बचेखुचेका निर्माण सामग्रीरूपी ढुङ्गे-चट्टानहरू हुन् । तिनको सङ्ख्या ९ लाखभन्दा पनि बढी छ । तीमध्ये 'सेरेस' र 'भेस्टा' नामका दुइटा मात्र खास ग्रहहरूझैं गोलो गोलो देखिने भएकोले क्षुद्रग्रह भन्न सुहाउँछ । बाँकी सबै छाँटकाँट नमिलेका, आकार-न-प्रकारका ठुला-साना टुक्राटाक्रीहरू हुन् । सेरेस सबभन्दा ठुलो छ र यसको ब्यास एक हजार (१०००) किलोमिटर छ । भेस्टा सेरेसभन्दा झण्डै आधा सानो छ । अरू, सानोमा १ मिटरभन्दा सानो आकारको सम्म पाइन्छ । वास्तवमा १ मिटरभन्दा ठुलो आकारकोलाई मात्र क्षुद्रग्रह भनिन्छ । १ मिटर वा सोभन्दा सानोलाई उल्कापिण्ड (Meteoroid) भनिन्छ । उल्कापिण्ड भनेको क्षुद्रग्रहहरू ठोक्किई फुटेर निस्केका टुक्राटाक्रीहरू हुन् । जब कुनै उल्कापिण्ड सूर्य परिक्रमाको क्रममा संयोगवश दिशा परिवर्तन भइ पृथ्वीको वायुमण्डल प्रवेश गर्न पुग्छ तब त्यो उल्कापिण्ड पग्लिएर वाफमा परिणत भई जल्न थाल्छ । पृथ्वीबाट यो लामो प्रकाशपुञ्जजस्तो देखिनथाल्छ र यसलाई उल्का (Meteor) भनिन्छ । यदि, पृथ्वीको वायुमण्डल प्रवेश गर्न पुगेको कुनै उल्कापिण्ड पूर्णरूपले बाफमा परिणत भएन भने यसको पृथ्वीतर्फको यात्रा जारी रहन्छ र जमिन भेट्टाउन पनि सक्छ । यसरी जमिनमा खसेको वस्तुलाई उल्कापिण्ड नै भन्दो रहेछ, तर अङ्ग्रेजीमा (Meteorite) भनिन्छ ।

क्षुद्रग्रहहरू मात्र होइन, अरबौंको सङ्ख्यामा धुम्रकेतुहरू पनि सूर्यको परिक्रमा गर्छन् । धुम्रकेतुलाई लामपुच्छ्रे वा लामपुच्छ्रे तारा वा पुच्छ्रे तारा पनि भनिन्छ, अङ्ग्रेजीमा Comet । तर, यिनीहरू कुनै तारा होइनन्, ढुङ्गे-चट्टान र धूलो मिसिएको बरफका गोलाहरू हुन् । आकारमा यिनीहरू स-साना सहरहरू जत्रा हुन्छन् । अण्डाकार परिधिमा रहेर सूर्यको परिक्रमा गर्ने क्रममा जब कुनै धुम्रकेतु सूर्यतिर नजिकिन्छ तब यसको सतहतिरको बरफ पग्लिन थाल्छ र धुलो-धुवाँको मुस्लो बन्छ । चम्किलोजस्तो देखिने यो मुस्लो दसौँ लाख माइल लामो हुन्छ ।

समष्टिमा, सबथोक समयद्वारा बाँधिएका छन् । तर, समय परिवर्तनशील छ । सुरूमा पृथ्वीमा कुनै प्राणी थिएन, त्यसको लागि उपयुक्त वातावरण नै थिएन । काठमाडौँ उपत्यकाको कुरा गर्ने हो भने यो एउटा ताल थियो । 'मञ्जुश्री' ले निकास खोलिदिएपछि मात्र बस्ती बसाइँको वातावरण बनेको थियो । राष्ट्रहरूको कुरा गर्ने हो भने, 'ब्रिटिस साम्राज्यमा घाम कहिल्यै अस्ताउँदैन' भन्ने कथन थियो । छिमेकी राष्ट्र हिन्दु स्थान नै २०० वर्षसम्म ब्रिटिस साम्राज्यको 'गुलाम-राष्ट्र' बन्नु परेको थियो, सन् १९४७ मा मात्र स्वतन्त्र भएको हो । अर्को छिमेकी राष्ट्र चीन सन् १९७० सम्म संयुक्त राष्ट्र सङ्घको सदस्य बन्नबाट वञ्चित थियो, ताइवान नै समष्ट चीनको प्रतिनिधित्व गर्ने राष्ट्र हो भन्ने मान्यता लिएर संयुक्त राष्ट्र सङ्घमा जमेर बसेको थियो । सन् १९७१ मा पूर्वी पाकिस्तान औपचारिक रूपमै छुट्टिएर बङ्गलादेश जन्मेको हो ।

नेपालको कुरा गर्ने हो भने यो राष्ट्र अहिलेसम्म आफ्नो सार्वभौमिकता जोगाउन सफल छ । दुबै छिमेकीसँग ठुलो युद्ध लडेका थिए । सर्वशक्तिमान् ब्रिटिस साम्राज्यले आफ्नो 'गुलाम-राष्ट्र' मार्फत नेपालमाथि युद्ध थोपरेको थियो । तर, हराउन सकेन । सुगौली सन्धि गर्न नपरेको भए नेपालको भूगोल अझै शानदार रहने थियो । 'पश्चिम किल्ला काँगडा, पूर्वमा टिस्टा पुगेथ्यौँ, कुन शक्तिको सामुमा कहिले हामी झुकेथ्यौँ ?' कहाँ हरायो हाम्रो नेपालको यो राष्ट्रगान ! के सोच्दा होलान् हाम्रा ती वीर पुर्खाहरू !

प्रकृतिले सबैलाई सबथोक पुग्ने गरी दिएको छ । अचम्मै विकास वा उन्नति गरेका छन् मानिसले ! ज्ञान-विज्ञानको आडमा चमत्कार देखाउँदै, अन्तरिक्षमा समेत एकाधिकार कायम गर्ने होडबाजीमा छन् ! प्रकृतिमाथि नै विजय प्राप्त गर्न लालायित छ, चतुर मानवजाति ! तर, कोरोनाले देखाइदिएको छ, कति निरीह छ मानवजाति ! अब त चेत खुल्ला कि विकासलाई पछ्याइरहेको हुन्छ विनाशले !

एक किसिमले, प्रकृतिभन्दा शक्तिशाली भइसकेको छ मानिस । एक अरब वर्षसम्म अस्तित्वमा रहन सक्ने मानवजातिको यो पृथ्वी, क्षणभरमै ध्वस्त हुनसक्छ ! तेस्रो विश्व युद्ध नै हुनु पर्दैन, कुनै पनि बेला हुनसक्छ-आणविक दुर्घटना ! वाह क्या विकास गरेछन् बुद्धिमान् मानिसले ! आणविक दुर्घटना नै नभए पनि खतराको घण्टी त बजिसकेकै छ, अत्यधिक विकासले गर्दा । विकासको लागि पृथ्वीको अत्यधिक दोहन भइरहेको छ । अत्यधिक दोहनले गर्दा वातावरण विनाश जारी छ । पृथ्वी तात्दै छ, सचेत होऔँ (Global Warming, Global Warning) भनेर घाँटी सुक्ने गरी नारा लगाएको लगायै गरिरहने को जमात सानो छैन, तर अत्यन्त लोभी युद्धपिपासुहरूले सुन्न चाहिराखेका छैनन् ।

आफ्नै देशतिर फर्कौं । पुलमुनि बालुवा झिकेको झिक्यै गर्दा पुलको आयु सङ्कटमा छ । पवित्र वाग्मतीले पाँच दशकदेखि महा-कष्ट भोगिरहेको छ; शङ्खमूलमा अब न पौडी खेल्न मिल्छ, न माछा मार्न पाइन्छ, न त तिर्खा मेटाउने पानी भेटिन्छ । तैपनि, ढल मिसाउन रोकिएको छैन । हरियो वन नेपालको धन भन्थे, अहिले यो नारा हराएजस्तो छ; वन विनाश रोक्ने संयन्त्र कमजोर छ । जल-विद्युत् निर्यातले देश मालामाल हुने सपना बोकी अपार लगानी गर्नु कति भरोशायोग्य होला ? उखु किसानले चिनी उद्योगबाट धोका पाएझैँ विदेशी विद्युत्-ग्राहकबाट देशले धोका पाउला कि ? उर्वरभूमि उजाड हुने गरी रेमिट्यान्समुखी बजेटमा जोड दिनु कति उपर्युक्त होला ? स्वदेशीलाई पिउनसम्म नहुने तर पाँचतारे होटेलका स्वीमिङपुलहरू भरिभराउ गर्न कुनै कञ्जुस्याइँ गर्न नपर्ने गरी देशको अर्थतन्त्र पर्यटनमुखी बनाउनु कत्तिको न्यायोचित होला ?

स्वावलम्बी बनौँ । रूखविरूवा रोपौँ, खासगरी पहाडी क्षेत्रमा । तल झर्न उद्यत पानी रूखविरूवाले पकडमा राख्नेछ, पहाड हराभरा रहनेछ, पहिरो कम हुनेछ ।

ढल-निकास सिधै खोलामा नमिसाऔँ । बायोग्यास निकालौँ, अर्गानिक मल उत्पादन गरौँ । कमसेकम कृषिमा स्वाबलम्बी बन्न कोसिस गरौँ ।

जथाभावी प्रकृतिको दोहन नगरौँ । वातावरण जोगाऔँ । सम्झौँ, सुनको फुल पार्ने हाँसको पेटबाट एकै पटक सबै फुल निकाल्ने लोभ गर्यो भने के होला ?

आफ्नो देशमा फलेको फल सबै नागरिकले चाख्न पाउनुपर्छ । भरिएको पेट र भोको पेटबिच कहिल्यै सहकार्य हुन सक्दैन । सहकार्य बिना देश विकास हुँदैन मात्र होइन, अस्तित्व पनि सायदै रहन्छ । दुई-टाउके-साँपको कथा सम्झनामा आएको यसैले हो ।

***स्रोत : बालविकास स्मारिका - २०८२***

# पहिलो विश्वयुद्ध र युक्रेन युद्धबिच देखिँदै छ समानता

- फ्र्याङ लेड्विज

युक्रेनमा जारी युद्धले लडिएको अवधिका हिसाबमा पहिलो विश्वयुद्धलाई उछिनेको छ । र, युद्ध लम्बिँदै जाँदा युक्रेन युद्धका धेरै पक्ष पहिलो विश्वयुद्धसँग उल्लेखनीय रूपमा समान देखिँदै गएको छ । रणनीतिकस्तरमा युक्रेन युद्धमा तोपले युद्धको प्रमुख हतियारका रूपमा पुनरागमन गरेको छ । युद्धको पहिलो वर्ष भएका अधिकांश हताहतीका लागि तोपको प्रयोग जिम्मेवार थियो । उसो त पछि ड्रोनको व्यापक प्रयोगले युद्धमोर्चालाई व्यापक रूपान्तरण गरिसकेको छ, तर तोप अझै पनि दुवै पक्षका लागि अपरिहार्य देखिन्छ ।

त्यस्तै पहिलो विश्वयुद्धको झल्को दिनेगरी युद्धमोर्चामा ट्रेन्च (लामो-लामो नालीजस्तो खाडल) खनिएका छन् । सन् १९८० र १९८८ को बिचमा लडिएको इरान-इराक युद्धपछि द्विदेशीय युद्ध यति ठुलो स्तरमा युद्धक्षेत्रको अवरोध प्रयोग भएको युद्ध यही नै हो । शत्रुपक्षलाई अगाडि बढ्न अवरोध सिर्जना गर्न अहिले युद्धको अग्रमोर्चामा व्यापक रूपमा लामो गहिरो खाडल, कङ्क्रिटका अवरोध र काँडेतार बिछ्याइएका छन् ।

यद्यपि युक्रेन युद्ध पहिलो विश्वयुद्धसँगको समानता युद्धमैदानका खाडल वा तोपमा मात्र सीमित छैन, युद्धको अन्तर्निहित रणनीतिमै पनि पाइन्छ । पहिलो विश्वयुद्धमा जस्तै यो युद्ध पनि कसले द्वन्द्वको दबाब बढी सहन सक्छ भन्ने प्रतिस्पर्धामा बदलिएको छ । कुन पक्षले बढी जनशक्ति, औद्योगिक क्षमता, आर्थिक लचिलोपन र राजनीतिक इच्छाशक्ति देखाउन सक्छ, उही हाबी देखिने आकलन भइरहेको छ । अर्थात्, युद्धको अन्तिम परिणाम कुनै हतियार प्रणालीले नभई उल्लिखित स्रोतको परिचालनले निर्धारण गर्नेछ । अझ, यीमध्ये पनि सबैभन्दा महत्वपूर्ण स्रोत जनशक्ति हो ।

**उस्तै व्यापक क्षति**

पहिलो विश्वयुद्धको समयमा बेलायत, फ्रान्स र जर्मनीको सरकारले नियमित रूपमा हताहतीको सङ्ख्या प्रकाशित गर्थे । ठुलो हताहतीको सङ्ख्या सार्वजनिक भइरहेकाले आमजनताले जितका लागि निकै ठुलो मूल्य चुकाउनुपर्ने मान्न थालेका थिए । त्यस्तै, सैन्य नेताले पनि बुझेका थिए कि मुख्य कुरा शत्रु पक्षले कति हताहत भोगेभन्दा पनि तिनका समाजले विपक्षीभन्दा लामो समयसम्म क्षति सहन सक्छ कि सक्दैन भन्नेमा निर्भर गर्छ ।

पहिलो विश्वयुद्धका चर्चित लडाइँमध्ये सन् १९१६ मा फ्रान्सको भेरदुन र सोममा लडिएका युद्ध तथा सन् १९१७ मा बेल्जियमको पासन्देलमा लडिएका युद्धमा दुवै पक्षले ठुलो क्षति व्यहोरेका थिए । अहिले युक्रेन युद्धमा पनि रुसी फौजमा युक्रेनी पक्षको भन्दा धेरै ठुलो स्तरमा मृत्यु भइरहेको समाचार आइरहेका छन् । एउटा विशेषतः असम्भवजस्तो टिप्पणीमा युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले सन् २०२६ को सुरुमा प्रतिएक युक्रेनी सैनिक बराबर ४७ जना रुसी सैनिक मरिरहेको दाबी गरे ।




करिब एक वर्षअगाडि म र एकजना युक्रेनी सरकारभित्र राम्रो सम्बन्ध बनाएका पूर्वयुक्रेनी सरकारी अधिकारीसँग लन्डनको एक क्लबमा डिनर खाइरहेका थियौँ । हाम्रो कुराकानी युक्रेन युद्धमा भइरहेको हताहतीबारे पुग्दा मैले उनलाई सोधे, 'कुरा नचपाई भन्ने हो भने खासमा वास्तविक हताहतीको अनुपात कस्तो छ ?' मेरा मित्र एक छिन रोकिए र शान्तसँग जवाफ दिए, 'लगभग एउटै दर छ । युक्रेनीहरू पनि रुसीहरूकै हाराहारीमा मरिरहेका छन् ।' छक्क पर्दै मैले यस जानकारीको स्रोत सोधेँ । जवाफमा उनले भने, 'जनरल स्टाफ' । युक्रेनी सशस्त्र बलको 'जनरल स्टाफ' त्यहाँको सेनाको शीर्षस्थ सैन्य कमान्ड मुख्यालय हो । यसले माथिल्लो तहमा सैन्य अप्रेसनको योजना बनाउने, निर्देशन दिने र समन्वय गर्ने काम गर्छ ।

सार्वजनिक रूपमा उपलब्ध प्रमाणले पनि ती मित्रकै दाबीलाई समर्थन गर्छ । 'द न्युयोर्क टाइम्स'जस्ता स्रोतले पनि दुवै पक्षले समान स्तरको हताहती भोगिरहेको तथ्याङ्क सार्वजनिक गरिरहेका छन् । केही स्रोतले रुसले केही बढी क्षति व्यहोरेको देखाए पनि त्यो धेरै गुणाको दरमा नभएको देखाएका छन् । तर, ख्याल गर्नुपर्ने कुरा रुसको जनसङ्ख्या युक्रेनभन्दा धेरै ठुलो छ । त्यसकारण उसले युक्रेनको भन्दा ठुलो स्तरको क्षति सहन गर्न सक्छ ।

अहिले सटिक हताहती तथ्यांक आइरहेको छैन । युद्ध समाप्त भएको पनि लामो समयसम्म विवादरहित तथ्याङ्क बाहिरिने सम्भावना देखिँदैन । तथापि, वर्तमान उद्देश्यका लागि महत्त्वपूर्ण कुरा के हो भने उपलब्ध प्रमाणले जारी युद्ध व्यापक मात्रामा तुलनात्मक क्षतिको युद्ध भएको औंल्याउँछ । यो तथ्याङ्क व्यापक रूपमा सही भएमा युक्रेनले चार वर्षभन्दा लामो समयदेखि आफूभन्दा धेरै ठुलो शत्रुलाई युद्धमोर्चामा

***बाँकी पृष्ठ ८ मा***

# वासिङ्टन र तेहरानबिचको आपसी सम्झौता सार्वजनिक




हस्ताक्षरित सम्झौतापत्र सार्वजनिक गर्नुहुँदै इरानी राष्ट्रपति मसुद पेजेश्कियन बिहीबार ।

वासिङ्टन, १८ जून (क्यूएनए)। संयुक्त राज्य अमेरिका र इरानले दुई पक्षबिच इलेक्ट्रोनिक रूपमा हस्ताक्षर गरिएको (सम्झौता -पत्र) एमओयू सार्वजनिक गरेका छन्।

ज्ञापन पत्रमा तत्काल र स्थायी युद्धविराम, ६० दिनभित्र अन्तिम सम्झौता वार्ता गर्ने प्रतिबद्धताका साथै प्रतिबन्ध राहत, आवागमनको स्वतन्त्रता र पुनर्निर्माणसँग सम्बन्धित उपायहरू समावेश छन्।

ज्ञापन पत्रमा लेबनानसहित सबै स्थनामा सैन्य कारबाही तत्काल र स्थायी रूपमा समाप्त गर्ने घोषणा गरिएको छ। यसबाहेक, संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानले अबदेखि एक-अर्काविरुद्ध कुनै युद्ध वा कुनै सैन्य कारबाही सुरु नगर्ने, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सम्मान गर्ने र एक-अर्काको आन्तरिक मामिलामा हस्तक्षेप गर्नबाट टाढा रहनुका साथै एक-अर्काको विरुद्धमा धम्की वा बल प्रयोग नगर्न प्रतिवद्धता व्यक्त गरेका छन्।

दुवै पक्षले आपसी सहमतिमा अधिकतम ६० दिनमा वार्ता र अन्तिम सम्झौता हासिल गर्ने प्रतिबद्धता जनाएका छन्। अन्तिम सम्झौताले युद्धको अन्त्यलाई औपचारिक बनाउने र दुवै पक्षहरूबिचका सवालहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

यस एमओयूमा हस्ताक्षर भए लगत्तै संयुक्त राज्य अमेरिकाले इस्लामिक गणतन्त्र इरानविरुद्ध आफ्नो नौसैनिक नाकाबन्दी हटाउन सुरु गर्ने र ३० दिन भित्र नौसैनिक नाकाबन्दी पूर्ण रूपमा अन्त्य गर्ने जनाइएको छ।

इरानले खाडी र ओमानबिचमा ६० दिनका लागि व्यावसायिक जहाजहरूको सुरक्षित मार्ग सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ। यसैगरी, ज्ञापन पत्रमा इरानी अर्थतन्त्रको पुनर्निर्माण र विकासको लागि योजना समावेश छ भने सम्झौताको अन्तिम भागको रूपमा कार्यान्वयन संयन्त्रलाई अन्तिम रूप दिइने उल्लेख गरिएको छ।

प्रतिबन्ध सन्दर्भमा, संयुक्त राज्य अमेरिका इरान इस्लामिक गणतन्त्रविरुद्ध प्रतिबन्ध सबै प्रकारका समाप्त गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद् सङ्कल्पसहित, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी बोर्ड अफ गभर्नरका प्रस्तावहरू र सबै अमेरिकी प्रतिबन्धहरू, फुकुवा गर्ने जनाइएको छ।

आणविक सवालमा इरानले आणविक हतियारहरू खरिद वा विकास नगर्ने प्रतिबद्धता दोहोऱ्याएको जनाइएको छ।

दुवै पक्षले आएएइएको पर्यवेक्षणमा पारस्परिक रूपमा सहमत हुने संयन्त्रको अनुसरणमा भण्डार समृद्ध सामग्रीको व्यवस्थापन गर्न समाधान गर्न सहमत भएका छन्। उनीहरूले अन्तिम सम्झौतामा युरेनियम संवर्धन र इरानको आणविक आवश्यकतामाथि पनि वार्ता जारी राख्ने सहमति जनाएका छन्।

ज्ञापन पत्रमा अन्तिम सहमति नभएसम्म यथास्थिति कायम रहने जनाइएको छ। यसमा कुनै नयाँ अमेरिकी प्रतिबन्धहरू र अतिरिक्त सेनाको तैनाथी समावेश नरहेको र इरानको आणविक कार्यक्रमको हालको स्थिति परिवर्तित नहुने जनाइएको छ।

सम्झौतापछि इरानी कच्चा तेल, पेट्रोलियम उत्पादन र सम्बन्धित सेवाहरूको निर्यातलाई अनुमति दिने छुट जारी गर्ने, नियन्त्रण गरिएको इरानी कोष र सम्पत्ति खुल्ला गर्ने जनाइएको छ। ज्ञापनपत्रको कार्यान्वयन र अन्तिम सम्झौताको अनुपालनको निगरानी गर्न संयुक्त संयन्त्रको स्थापनाको पनि व्यवस्था गरिएको छ।

सैन्य कारबाहीको अन्त्य, आवागमन स्वतन्त्रता र आर्थिक प्रतिबन्धहरू कम गर्न प्रमुख प्रावधानहरूको कार्यान्वयनपछि अन्तिम सम्झौतामा वार्ता सुरु हुने जनाइएको छ भने अन्तिम सम्झौता संयुक्त राष्ट्र सुरक्षा परिषद्को बाध्यकारी प्रस्तावमार्फत स्वीकृत हुने छ।

**अमेरिका-इरान सम्झौता कार्यान्वयनका लागि छलफल गर्न शुक्रबार स्वीट्जरल्याण्डमा वार्ता हुने**

मध्यपूर्व युद्ध अन्त्यका लागि अमेरिका-इरान समझदारी कार्यान्वयन गर्न 'प्रारम्भिक वार्ता' शुक्रबार बर्नस्थित 'स्विस रिसोर्ट कम्प्लेक्स' मा हुने योजना रहेको स्विट्जरल्यान्डले बिहीबार पुष्टि गरेको छ।

स्वीट्जरल्याण्डको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सम्झौताको कार्यान्वयनका लागि 'प्रारम्भिक वार्ता' गर्न संयुक्त राज्य अमेरिका र इरानका साथै मध्यस्थकर्ताहरू पाकिस्तान, कतार र अन्य सम्बन्धित देशहरूले भोलि बर्गनस्टकमा भेट्नेछन्।"

यस घोषणाले मध्य स्विट्जरल्याण्डको लुसर्न नजिकै बर्गनस्टकस्थित लक्जरी होटल कम्प्लेक्समा हुने भनिएको बैठकको अनिश्चितताको पर्दा हटाएको छ। यो बैठक सुरुमा मङ्गलबार सोही स्थानमा हुने घोषणा गरिएको थियो।

उक्त बैठकलाई अमेरिका र इरानबीच फेब्रुअरी २८ मा अमेरिका-इजरायल हमलाबाट सुरु भएको क्षेत्रीय युद्ध अन्त्य गर्न सहमति भएको समझदारीपत्रमा हस्ताक्षर समारोहका रूपमा हेरिएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार पेरिस नजिकै आयोजित एक रात्रिभोज कार्यक्रममा र इरानी राष्ट्रपति मसुद् पेजेस्कियानले तेहरानबाटै विद्युतीय प्रतिमा हस्ताक्षर गरेका थिए।

स्वीट्जरल्याण्डमा इरानका प्रमुख वार्ताकार मोहम्मद बाघर गालिबाफ र अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सम्झौताको विस्तृत विवरण तयार पार्न छलफलमा भाग लिने अपेक्षा गरिएको थियो।

## अमेरिका र इरानद्वारा इस्लामावाद एमओयूमा इलेक्ट्रोनिक हस्ताक्षर : पाकिस्तानी प्रधानमन्त्री सरिफ

इस्लामावाद, १८ जून (सिन्ह्वा)। संयुक्त राज्य अमेरिका र इरानबिचको समझदारी ज्ञापनपत्र (एमओयू) मा दुवै देशका नेताहरूले इलेक्ट्रोनिक रूपमा हस्ताक्षर गरेको जनाउँदै पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले यसको प्रभाव तत्काल देखिन थालेको बताउनुभएको छ।

सामाजिक सञ्जाल एक्समा प्रभानमन्त्री सरिफले उक्त ज्ञापन पत्रमा अमेरिका र इरानका राष्ट्रपतिहरूले हस्ताक्षर गरेको र मध्यस्थकर्ताको भूमिकामा पाकिस्तानले समर्थन गरेको उल्लेख गर्नुभएको हो।

इस्लामाबाद एमओयूले इरानले तुरुन्तै होर्मुजको जलमार्ग पुन: खोल्ने व्यवस्था गरेको उल्लेख गर्दै उहाँले संयुक्त राज्य अमेरिकाले सम्झौताको कार्यान्वयनपछि प्रारम्भिक चरणमा होर्मुजबाट आफ्नो सेना र नाकाबन्दी हटाउने पुष्टि गर्नुभएको छ।

सम्बन्धित पक्षको सरकारको उच्च स्तरबाट यो सम्झौतामा भएको हस्ताक्षरले द्वन्द्वको कूटनीतिक समाधानका लागि दुवै पक्षको प्रतिबद्धता देखाएको सरिफले बताउनुभएको छ।

पाकिस्तानले सह-मध्यस्थकर्ता कतारको सहयोगमा शुक्रबार स्विट्जरल्यान्डमा सम्झौताको सम्झना गर्न र दुई पक्षबिच प्राविधिक स्तरको वार्ता सुरु गर्न आधिकारिक समारोहको आयोजना गर्ने उहाँले पुष्टि गर्नुभएको छ।

प्रधानमन्त्री सरिफले कतारको सह-मध्यथकर्ताको नेतृत्वको रचनात्मक संलग्नतालाई स्वीकार गर्दै सम्झौतालाई सहज बनाउन साउदी अरेबिया, टर्की र इजिप्टको योगदानकोसमेत प्रशंसा गर्नुभएको छ। उहाँले यो ज्ञापनपत्रले बृहत्तर समझदारी, आपसी सम्मान र साझा समृद्धिका लागि स्थायी आधारका रूपमा काम गर्ने आशासमेत व्यक्त गर्नुभएको छ।

## युद्ध-विरामका बाबजुत इजरायली सेनाद्वारा नौ जना प्यालेस्टिनी पक्राउ

अधिकृत जेरुसेलम, ४ असार (क्यूएनए)। युद्ध-विराम सम्झौताका बाबजुत इजरायली सेनाले बिहीबार वेस्ट ब्याङ्कका विभिन्न क्षेत्रबाट नौ जना प्यालेस्टिनी नागरिकलाई पक्राउ गरेको जनाएको छ।

प्यालेस्टिनी समाचार एजेन्सी (डब्लुए एफ ए) का अनुसार सेनाले कल्किल्यबाट पाँच जना प्यालेस्टिनी र नाबलुसबाट अन्य चार जनालाई उनीहरूको घरमै छापा मारेर पक्राउ गरेको जनाएको छ।

यसै गरी इजरायली कब्जा बलहरूले अल-मदारिस स्ट्रिट र अल-जामासिनबाट अगाडि बढ्दै नाबलुसको पूर्वमा रहेको बालाटा शरणार्थी शिविरमा आक्रमण गरेको जनाइएको छ।

कब्जा गरिएको वेस्ट ब्याङ्क र जेरुसेलमका सहरहरू, र शरणार्थी शिविरहरूमा दैनिक इजरायली छापा, आक्रमणहरू झडप, गिरद्वतारी र गोली प्रहरा हुने गरेको जनाइएको छ।

## भारी वर्षाका कारण गुआङडोङमा करिब ४० हजार जना अस्थायी रूपमा विस्थापित

गुआङडोङ (चीन), १८ जून ( एएनआई)। विगत केही दिनदेखि दक्षिण चीनको गुआङडोङ प्रान्तका विभिन्न भागहरूमा भएको भारी वर्षाका कारण उक्त क्षेत्रहरूमा बसोबास गर्ने ३७ हजार ६०१ जना बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको स्थानीय अधिकारीहरूलाई उदृत गर्दै सिन्ह्वाले रिपोर्ट गरेको छ।

सिन्ह्वाका अनुसार गुआङडोङ प्रान्तमा तेस्रो स्तरको बाढी नियन्त्रण आपत्कालीन प्रतिक्रिया र चौथो स्तरको विपद् राहत आपत्कालीन प्रतिक्रिया जारी गरी राखिएको छ।

झुहाई र शेन्जेन लगायत धेरै सहरहरूले विद्यालयहरू बन्द गर्ने सूचना जारी गरेको जनाइएको छ।

वर्षाका कारण हुने सुरक्षा जोखिमबाट बच्न चीन रेलवे गुआङझाउ समूहले रेल सञ्चालन समय तालिका समायोजन गरेको पनि उल्लेख गरिएको छ।

सिन्ह्वाका अनुसार गुआङडोङ फायर एण्ड रेसकिउ कोरले गत शुक्रबारदेखि प्रमुख सहरहरूमा २४७ जना अग्नि नियन्त्रक, ५३ वटा फायर ट्रक र ३७ वटा डुङ्गाहरू तैनाथ राखेको छ।

यसैबिच, गुआङडोङ प्रान्तीय जलस्रोत विभागले जलाशयहरूमा गस्ती बढाएको जनाएको छ।

भारी वर्षाका कारण प्रशासनले आपत्कालीन मर्मत-सम्भारका लागि सात हजार २२६ जना कर्मचारी दुई हजार ९९४ सहायक सवारी साधन र दुई हजार १०८ जेनेरेटर आपत्कालीन राहतका लागि परिचालन गरेको छ।

प्रान्तीय आपत्कालीन व्यवस्थापन विभागका अनुसार हालसम्म कुनै व्यक्तिको हताहत भएको खबर आएको छैन।

सिन्ह्वाका अनुसार, प्रान्तीय मौसम विज्ञान विभागले बिहीबारसम्म भारी वर्षा जारी रहने पूर्वानुमान गरेको छ। शुक्रबारदेखि शनिबारसम्म प्रान्तभरि वर्षा सामान्यतया कमजोर हुने उल्लेख गरिएको छ।

जी-२० जलवायु जोखिम एटलसका अनुसार, जलवायु परिवर्तनले पहिले नै चीनमा विनाशकारी प्रभाव पारेको छ।

यस्तै अवस्था रहेमा चीनले विनाशकारी जलवायु प्रभावहरूको सामना गर्नुपर्ने रिपोर्ट गरिएको छ। उत्सर्जन घटाउन तत्काल कदम नचालिएमा चीनमा गर्मीको लहर लामो समयसम्म रहनेछ र गर्मीसँग सम्बन्धित अतिरिक्त मृत्युहरू बढ्ने जनाइएको छ। सन् २०५० सम्ममा चीनमा दुई करोड ५० लाखभन्दा बढी मानिसहरूले नदीजन्य बाढीको सामना गर्नुपर्ने जनाइएको छ।

## हेजबुल्लासँग उद्धार बन्न नेतन्याहुलाई ट्रम्पको आग्रह

एभियन (फ्रान्स), १८ जून ( एएनआई)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई लेबनानमा हेजबुल्लाहका लक्ष्यहरू सामना गर्न उद्धार दृष्टिकोण अवलक्बन गर्न आग्रह गरेका छन्।

दुई राष्ट्रहरूबिचको गठबन्धन बलियो रहेको कुरामा जोड दिँदै ट्रम्पले इजरायलले खतराहरूलाई आक्रामक रूपमा प्रतिक्रिया दिनेलगायतका विषयमा असहमति रहेको खुलासा गरेका छन्।

यसअघि मङ्गलबार लेबनानमा सैन्य कारबाहीलाई नियन्त्रण गर्न कडा असन्तुष्टि व्यक्त गर्दै ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कडा निन्दा गरेका छन्।

सिरियाले हेजबुल्लाहको व्यवस्थापनमाथि नियन्त्रण लिन सक्ने प्रस्ताव पेस गर्दै उनले इजरायलले छिटो काम गर्न सक्षम हुनुपर्ने कुरामा जोड दिँदै नेतान्याहुसँग सन्तुष्ट नभएको बताएका छन्।

विस्तारित शत्रुताले इरानसँगको आफ्नो कूटनीतिक सफलतामा नकारात्मक प्रभाव पारेकोसमेत ट्रम्पले बताएका छन्। उनले संयुक्त राज्य अमेरिकाले तेहरानसँगको सम्झौतालाई अन्तिम रूप दिनुभन्दा दुई घण्टाअघि बेरुतमा भएको इजरायली आक्रमणप्रति कडा असन्तुष्टि व्यक्त गरेका छन्।

लेबनानमा तीव्र, तथा दैनिक रूपमा भएको इजरायली बमबारीको बिचमा, हजारौँको ज्यान गएको उल्लेख गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले बढ्दो नागरिक हाताहातको विषयमा नेतन्याहुसँग असन्तुष्ट रहेको बताउनुभएको छ।

फ्रान्समा जी-७ शिखर सम्मेलनको अवसरमा बोल्दै ट्रम्पले इजरायलले हेजबुल्लाहसँग लामो समयदेखि लडिरहेको कारण धेरै मानिसको मृत्यु भएको बताउनुभएको छ।

यसैबिच अमेरिकी राष्ट्रपति ट्रम्पले सिरियाका राष्ट्रपति अहमद अल-साराले हेजबुल्लाहको नियन्त्रणलाई अझ प्रभावकारी रूपमा निरीक्षण गर्न सक्ने भन्दै सिरियालाई हेजबुल्लाहको हेरचाह गर्न दिन इजरायललाइ सुझाव दिनुभएको छ।

अमेरिका र इरानले यस हप्ताको अन्त्यमा शान्ति सम्झौतामा हस्ताक्षर गर्न तयार भए पछि तेहरानले योसँगै लेबनानमा पनि दिगो शान्ति र तनाव अन्त्य हुने बताइएको छ।

## पाकिस्तानको जेलबाट रिहा भएका अफगान कैदीहरू स्वदेश फिर्ता

काबुल, १८ जून (सिन्ह्वा)। पाकिस्तानमा कैद जीवन बिताइरहेका ४८५ जना अफगान नागरिकहरू रिहा भएर आफ्नो मातृभूमि फर्केको अफगानिस्तानका मिडियाले बिहीबार रिपोर्ट गरेका छन्।

परिवार र व्यक्तिहरूसहित पूर्वबन्दीहरूलाई अवैध प्रवास र आवासीय अनुमतिको अभावलगायतका आरोपमा जेल हालिएको जनाइएको छ। आफ्नो देश फर्केने क्रममा सीमा क्षेत्रमै आवश्यक सहयोग प्राप्त गरेपछि उनीहरूलाई आ-आफ्नो प्रान्तमा सारिएको मिडियाले जनाएका छन्।

यसअघि पाकिस्तानले जेलबाट रिहा गरेका ७६३ जना अफगान कैदी सप्ताहान्तको अवधिमा अफगानिस्तान फर्केको जनाइएको थियो।


# कुमार कार्तिकेय-पिखालखु-सिठी नखाः (कुमार षष्ठी)

● विश्वमोहन जोशी

**कुमार कार्तिकेय**

वैदिक सनातन हिन्दू धर्ममा मानिने देवताहरूमा कुमार पनि एक महत्त्वपूर्ण देवता हो । यिनका अनेक नामहरूमध्ये 'स्कन्द' पनि एक हो । यिनको महत्त्वलाई ध्यानमा राखेर नै होला प्रसिद्ध अठार वटा पुराणहरूमा एउटा 'स्कन्द पुराण' महर्षि ब्यासले रचना गरेका थिए । उक्त स्कन्द पुराणमा स्कन्दको जीवनीका साथै धर्म, संस्कृति, तीर्थ, देवदेवीहरूको महिमा, व्रत एवम् पूजाविधि र कथा तथा परम्पराबारे धेरै वर्णन गरिएको पाइन्छ । नेपाली जनमानसमा स्कन्द पुराणभित्रै पर्ने स्वस्थानी व्रतकथाबाट पनि स्कन्द कुमारबारे केही जानकारी





पाइन्छ । यस्ता विभिन्न पौराणिक कथाअनुसार देवादिदेव महादेव र देवी पार्वतीका ज्येष्ठ पुत्रका रूपमा स्कन्द कुमार र कान्छो पुत्रका रूपमा गणेशलाई लिइन्छ ।

पौराणिक कथाअनुसार शिवको दिव्य तेज निस्केर विभिन्न माध्यम हुँदै अर्थात् अग्नी, षड्कृतिका, गङ्गाका गर्भ हुँदै कुमारको जन्म भएको थियो । यसरी कुमार प्रकट भएकोले यही अर्थमा यिनलाई 'स्कन्द' भन्ने नामकरण गरियो । आधुनिक चिकित्साशास्त्रअनुसार अग्नी, षड्कृतिका, गङ्गालाई कुमारका Surrogate Mother हरू मान्न सकिन्छ । यिनलाई विभिन्न अर्थमा विभिन्न नामले पुकारिने गरिन्छ । बग्नु, निस्कनु, प्रकट हुनु भन्ने अर्थमा स्कन्द, यिनको ६ वटा मुख पनि भएकोले षडानन्, शुभ ब्रह्म ज्ञानका दाताको अर्थमा सुब्रह्मण्य, रहस्यमय वा गुढ स्वरूप भएकोले गृह तथा कुकृत्य, कुतत्व, दुष्ट आदिलाई मारी रक्षा गर्ने भएकोले कुमार दक्षिण भारतमा 'मुरूगन' नामले यिनी अति लोकप्रिय एवम् प्रख्यात छन् । दक्षिण भारतको तामिल भाषाको 'मुरूगु' शब्दले सुन्दर, सदेव युवा, तेजश्वी, दिव्य ज्ञानले भरिपूर्ण आदि अर्थ दिन्छ र त्यही अर्थमा स्कन्द कुमारलाई मुरूगन भनी सम्मान गरिएको हो । यिनले आफ्नो पाँच वर्षकै उमेरमा अति क्रूर असुर तारकासुरलाई मारी देवतालाई सुरक्षा प्रदान गरेकोले यिनलाई युद्ध र वीरताको देवताको रूपमा लिइन्छ । कुमार कार्तिकेयकी पत्नी देवराज इन्द्रकी छोरी देवसेना हुन् भने यिनको प्रमुख आयुघ बेल अर्थात् दिव्य भाला हो । त्यो दिव्य भाला उनलाई उनकी माता देवी पार्वती स्वयम्ले प्रदान गरेकी थिइन् । अज्ञानमाथि ज्ञानको विजय, अधर्ममाथि धर्मको विजय, साहस र शक्तिको प्रतीकको रूपमा उनको आयुघ भालालाई लिइन्छ । उनको बाहन मयुरलाई अहङ्कार, क्रोध र नकारात्मक प्रवृत्तिमाथि नियन्त्रणको प्रतीकको रुपमा लिइन्छ । त्यसैले यिनका चित्रहंमा यिनको बाहन मयुरले सर्पलाई दबाएको देखाइन्छ । यिनका ६ वटा मुखले ज्ञान, शक्ति, करूणा, साहस, वैराग्य र नेतृत्वजस्ता ६ वटा गुणहरूलाई सङ्केत गरेको भनिन्छ । ६ जना कृतिकाहरूले उनको बाल्यकालमा पालनपोषण गरेकाले यिनलाई कार्तिकेय पनि भनिन्छ । उनको ६ वटा मुखले यिनै तथ्यहरूलाई प्रतिबिम्बित गर्दछ । यिनी देवराज इन्द्रका सैनिकहरूका अधिपति अर्थात् सेनापति पनि हुन् ।

स्वस्थानी व्रतकथामा वर्णन गरिएअनुसार आफ्ना पिता शिवको आज्ञाअनुसार कुमार आफ्नो बाहन मयुरमा सवार भई सुमेरू पर्वतमा कठिन परिश्रमका साथ परिक्रमा गरी फर्किंदा भाइ गणेशले मातापिता अर्थात् शिव पार्वतीलाई परिक्रमा गरी खुसी पारी देवदानवमुनि मानव कसैले पनि कुनै खास कार्यसिद्धिका लागि वा सामान्य पूजाआजामा पनि सर्वप्रथम सिद्धि गणेशको पूजा गरेपछि मात्र अरू पूजाआजाको कार्य सुरू गर्नुपर्ने बरदान पाइसकेको थाहा पाएर कुमार कार्तिकेय अलमलमा परे । यो देखेर शिवले आफ्नो ज्येष्ठ पुत्रलाई सम्झाउँदै भनेछन् कि तिम्रो भाइलाई सबैभन्दा पहिले पूजा गर्नुपर्ने बरदान दिए पनि त्यो पूजा उनको मूर्तिमा मात्र हुनेछ तर तिम्रो पूजा सबभन्दा सूक्ष्म प्रतीकको रूपमा पहिले पूजा तिम्रै हुनेछ भनी सम्झाए । भक्ति योगका प्रतीकको रूपमा गणेशलाई लिइन्छ । खरो शब्दमा भन्नुपर्दा भक्तिलाई चाकडीको रूपमा पनि लिन सकिन्छ । यसले गर्दा गणेशलाई धेरैले रूचाउँछन् र उनको मूर्ति मन्दिरहरूमा प्रशस्त पाइन्छन् । कुमार कार्तिकेयलाई इमानदारीपूर्वक आफ्नो कर्म, परिश्रम र प्रयासमा विश्वास गरी लोकहितको लागि अभियानमा लाग्ने प्रवृत्तिको प्रतीकका रूपमा लिइन्छ । उनलाई ज्ञान योगका प्रतीकका रूपमा लिइन्छ ।

**पिखालखु :**

नेपालको नेवार समुदायका बस्तीहरूमा रहेको बहाबही एवम् घरहरूको मूल ढोका अगाडि पत्थरले बनेको एउटा कमल आकारको मण्डल राखिएको पाइन्छ । यसलाई नेवारहरू आफ्नो भाषामा 'पिखालखु' भन्दछन् । ढुङ्गाको यो कमल आकारको मण्डललाई क्षेत्रपाल वा कुमार दुवैको रूपमा लिइन्छ । क्षेत्रपाललाई अर्को अर्थमा भैरव मान्ने चलन छ । भैरव पनि शिवकै अंश मानिन्छ । अर्को कुमार पनि शिवकै अंश हुन् । त्यसो हुँदा त्यो ढुङ्गाको मण्डल अर्थात् 'पिखालखु' लाई कुमार वा क्षेत्रपाल भन्ने गरिएको छ । यिनीहरू दुवै देवतालाई नेवार समुदायले आफ्नो रक्षककै रूपमा पुजिँदै आएको छ । नेवार समुदायका मानिसहरू कुनै पूजाआजा धार्मिक कार्य अनुस्थानका लागि घर बाहिर निस्किने बित्तिकै पिखालखुमा पूजा गर्दछन् । यति मात्र होइन कुनै पनि कारणले घरबाट निस्कने बित्तिकै पिखालखुलाई आदर, सम्मान, भाव प्रकट गरी अन्यत्र लाग्दछ । यो परम्परालाई हिन्दू तथा बौद्ध नेवार समुदाय दुवैले मान्दै आएका छन् । अचेल 'पिखालखु' धातुहरूबाट पनि बनेको पाइन्छ । यसलाई आफ्नो घरको सीमा रेखा माने पनि हुन्छ । कुमार, क्षेत्रपाल वा पिखालखुलाई आस्था एवम् विश्वासका साथ पूजा सम्मान गरेपछि मनमा सन्तोष र विश्वास हुन्छ कि आफूले कुनै पनि खालका अन्याय, अत्याचार, उत्पीडन, शोषण नगर्ने र गर्नेलाई पनि निरूत्साहित पारी सदा सत्कर्म, नैतिक एवम् उचित कर्ममा लाग्नको लागि प्रेरणा मिलेको आभास हुन्छ । बाहिरबाट घर भित्रिँदा पनि त्यो कुविचार र कुकृत्यहरू बाहिरै राखी प्रवेश गर्ने प्रेरणा दिन्छ । सदैव कर्म परिश्रम, इमानदारी, नैतिकतामा लाग्ने प्रक्रियालाई कुमार वा पिखालखुको पूजाले मनोवैज्ञानिक रूपमा प्रेरित गरेको पाइन्छ । कुमार प्रजनले यही तथ्यलाई सङ्केत गरेको देखिन्छ ।

**सिठी नखाः (कुमार षष्ठी)**

शिव पुराणमा उल्लेख भएअनुसार कुमार कार्तीकेयको जन्म जेष्ठ शुक्ल षष्ठीको दिन देवी गङ्गाबाट भएको मानिन्छ । त्यसैले हरेक वर्षको जेष्ठ शुक्ल षष्ठीका दिनलाई कुमार कार्तिकेयको जन्म दिनको रूपमा मानिन्छ । यो दिनलाई कुमार षष्ठी पनि भनिन्छ । यो दिन नेवार समुदायका मानिसहरू सिठी नखाः वा सिठी नख भनी एउटा महत्त्वपूर्ण चाडको रूपमा मान्दछन् । नेवार समुदायले वर्षभरी मान्दै आउने चाड पर्वहरूमा सिठी नखाः अन्तिम चाड हो । उक्त समुदायले मान्दै आएको हरेक वर्षको देवाली पूजाको लागि यो दिनलाई लगभग अन्तिम दिन मान्दछन् । साथै कुल परम्पराअनुसार देवाली पूजाको दिन थाहा नभएकाहरूले यसै दिन देवाली पुजा गर्ने पनि चलन छ । यो सिठी नखाःको अघिल्लो दिन नेवारहरू आफ्नो घर बस्ती लितपोट, सफासुग्घर गरी यो चाडको दिन नुहाईधुवाई गरी सफा शुद्ध हुने गर्दछन् । हरेक चाडपर्वको लागि यसरी नै तयारी गर्ने नेवारहरूको परम्परा नै हो । यो दिन विशेषतः मासु, मुगी, केराउ, गहुँ आदिका बाराहरू ६ किसिमका रोटीलगायत सम्हे बजी फलफूल पूजा सामग्रीहरू आदि राखी नेवारहरू कसैले पुजा कोठामा र धेरैजसोले आफ्नो घरको छिँडीमा गोलो मण्डलाकार गरी गाईको गोवरले लिपि शुद्ध पारी त्यसमा षट्कोण लेखी त्यसलाई कुमार कार्तिकेयको प्रतीक मानी पूजा गर्दछन् । यही बेला त्यसै स्थान धर्ती माताको पनि पूजा गरिन्छ । सम्पूर्ण पूजा विधि सकेपछि मूलतः विभिन्न बारा एवं चटामरी समयबजी तथा अन्य परिकार पनि राखी कुमार भगवानको प्रसादको रूपमा आफ्ना परिवारका सदस्यहरू सम्मिलित भई भोज खान्छन् । भोलिपल्ट छोरीबेटी नातिनातिनाहरूलाई पनि घरमा बोलाई ख्वाइन्छ । यसरी सिठी नखाः मनाइने चलन छ ।

सिठी नखाःको दिनलाई वातावरण दिवसको रूपमा पनि लिन सकिन्छ । कुमार कार्तिकेय देवीगङ्गाका पुत्र भएकोले गाङ्गेयको नामले पनि पुकारिन्छ । त्यसो हुँदा कुमार कार्तिकेयको गङ्गा अर्थात् जलसित पनि सम्बन्ध भयो । सायद त्यसैले पनि हुनसक्छ कुमार षष्ठी वा सिठी नखाःको दिन नेवार समुदायमा आ-आफ्ना बस्तीमा भएका जलाशयहरू जस्तै : पोखरी, इनार, ढुङ्गेधारा, कुवा आदि सामूहिकरूपमा सफा गर्ने परम्परा छ । यसबेला वर्षा भएको हुँदैन तर यो जेठ महिनापछि असार-साउनमा वर्षात् हुन्छ । त्यसैले वर्षात् सुरू हुनुभन्दा अगाडि यी जलाशयहरूमा पछि पानी भरिँदा फोहर नभई सफा रहने भयो । यसरी कुमार कार्तिकेयको जन्म दिन जलाशयहरू सफा गरी वातावरणलाई शुद्ध सफा पार्ने परम्परा अचेल पनि कायमै छ । अर्कोतर्फ विचार गर्दा गर्मीलाई गर्मीले नै मास्न गर्ने सिद्धान्तअनुरूप समयबजी बारा मासु आदि पौष्टिक तथा गर्मी पैदा गर्ने खाद्यवस्तुहरू हुन् । यसले आउँदो रोपाईंको लागि कृषकहरूलाई स्वास्थ्य र शारीरिकरूपले सक्षम पनि पार्ने भयो ।

सिठी नखाःको दिन कुमारको विशेषरूपले पूजा गर्ने जात्रा पनि गरिन्छ । यसको लागि कतै कतै गुठीको पनि व्यवस्था गरिएको हुन्छ । कुमार कार्तिकेयको थोरै मूर्तिहरू पाइन्छन् । भक्तपुरको सूर्यमढी टोलमा रहेको वाकुपति चाँगुनारायण मन्दिर परिसरभित्र कुमारको प्रस्तर मूर्ति रहेको मेरो मित्र प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठ बताउनुहुन्छ । त्यस्तै उहाँ भक्तपुरकै टौमढी टोलमा रहेको नारायण चोकमा पनि अर्को कुमारको मूर्ति रहेको बताउनुहुन्छ । मध्यकालीन कुमारको शिलामूर्ति धुलिखेलमा पनि पाइन्छ । काठमाडौंको जैसीदेवलमा कुमारको मूर्तिसहितको एक मन्दिर छ । त्यसलाई नेवारहरू आफ्नो भाषामा 'सिठी द्यो' अर्थात् सिठी देवता भन्दछन् । कुमार षष्ठीको दिन यहाँ पूजा हुन्छ । भोलीपल्ट बेलुकी कुमार देवतालाई खटमा राखी भव्य जात्रा गर्ने चलन छ । सिठी नखाःका दिन विभिन्न गुठीबाट कुमार कार्तिकेयको पूजा गरिन्छ । यो दिन भक्तपुर नगरभित्र टौमढी टोलको तलतिर कुमारी मन्दिर जाने बाटोमा चण्डी भगवतीको मूर्ति मन्दिर छ र देवीको पूजाआजा गरिन्छ । खटमा राखी जात्रा पनि गरिन्छ । सोही दिन देवीको प्रसादको रूपमा मासुका टुक्राहरू क्वाछेँ टोल देवी कुमारीको घरको झ्यालबाट भक्तजनहरूमाझ खसाली दिन्छ । यो देवी जात्रा एवं प्रसाद दिने चलन करिब २०२०/२२ सालबाट मात्रै सुरू भएको थियो भनी मेरा अर्का विद्वान मित्र विनोदराज शर्मा बताउनुहुन्छ । छोटोमा भन्नुपर्दा सिठी नखाःको दिन काठमाडौं उपत्यकाका नेवारहरू कुमार कार्तिकेय र धरतीमाताको विशेष पूजा गरी विशेष गरी वः, चटामारी समयबजीलाई प्रमुख खाद्यवस्तु खाई कुमारको सम्मान गरी सिठी नखाः अर्थात् सिठी चाड मनाउँछन् । कुमार कार्तिकेयलाई वर्षा, कृषि र समुदायको रक्षा गर्ने रक्षक, कल्याण गर्ने देवता भनी पुज्ने गरिन्छ । यही अवसरमा कुमार कार्तिकेयको नाममा जलाशयहरू सफा गरी आउँदो वर्षा ऋतुमा खेतीपातीको लागि रोपाईंको लागि तयार भएर बस्दछन् । हाम्रा विभिन्न सांस्कृतिक पर्वहरूले हामीलाई विभिन्न तरिकाले अनुशासित हुन, नैतिकवान् हुन, मानवता र सामूहिकता नबिर्सन, प्रकृति अनुकूल जीवनशैली र आचरणहरू अवलम्बन गर्नका साथै सकेसम्म प्रकृति र प्राकृतिक सम्पदाहरूको संरक्षण गर्न अभिप्रेरित गरेको पाइन्छ । यस्तो संस्कृतिको व्यवस्था मिलाउने हाम्रा पूर्वजहरूप्रति हामी सदा आभारी रहनेछौं ।

**सन्दर्भ ग्रन्थहरू :**

१. जोशी, हरिराम : प्रदीप अभिनव संस्कृति विश्वकोष
२. नेपालभाषा एकेडेमी, यैँ महानगरपालिका ( प्रकाशक) : नेवाः सांस्कृतिक ज्ञान कोष, संस्कृति व सम्पदा
३. बज्राचार्य, पुण्यरत्न - हाम्रो चाडपर्व
४. रिजाल कमल - पौराणिक पात्र र मिथकहरू
५. शर्मा, ऋषिप्रसाद - नेपाल राष्ट्रिय चाडपर्व

# खेलकुदको विकासले स्वस्थ जनशक्ति तयार गर्ने

- एक खेलप्रेमी

जहाँ फूल छ त्यहाँ भमरा आउनु प्राकृतिक नियम हो । जहाँ खेलकुदको भवन हुन्छ त्यहाँ खेलाडी बन्ने सपना बोकेर खेलकुद भवनमा प्रवेश गर्नु स्वाभाविक नै हो । यस्तै खेलकुद भवनको आकर्षण देखेर वडा नं १० स्थित बेखाल टेबलुटेनिस कभर्ड हलमा पुग्दा न्यास्रो लाग्यो । बाहिरबाट हेर्दा भवनभित्र सयौं खेलाडीहरू सजिलै प्रशिक्षण लिन सक्नेजस्तो देखिए पनि भित्र पुगेर हेर्दा हात्ती आयो हात्ती आयो फुस्साजस्तै भयो । पाँचवटा टेबल राख्दा बल्लतल्ल मात्र खेल्न मिल्ने । असजिलो तरिकाबाट हलको निर्माण भएको देख्दा खेलप्रेमीलाई धेरै दुःख लागेको होला । यो भवनको चारैतिर अवलोकन गरेपछि अङ्ग्रेजीको एउटा भनाइ सम्झेँ - 'माइन्ड योर ओन बिजनेस' । यो इन्जिनियरको बेवास्ता हो कि त्यस इन्जिनियरसँग खेलकुद भवन निर्माण गर्ने ज्ञान नभएको हो ? संसारमा कुनै पनि व्यक्तिसँग सबै विषयमा उपयुक्त ज्ञान नहोला तर आफूलाई थाहा नभएको र नजानेको कुरा सोधपुछ गर्नुपर्छ । आफ्नो कमजोरी र अज्ञानता स्वीकार्नु सच्चा नागरिकको कर्तव्य हो ।

भक्तपुर नगरपालिकाको नाम लिने बित्तिकै नेपालभरिको नगरपालिकाको विषयमा अनुशासित, कुशल र दक्ष जनशक्तिले भरिएको, कुनै पनि काम अगाडि बढाउनु छ भने त्यस कामको बारेमा सुरुदेखि अन्तिमसम्मको जानकारी भइसकेपछि मात्र त्यस कामलाई अघि बढाउने नगरपालिकाको रूपमा लिइन्थ्यो । तर, बेखालको टेबलुटेनिस हल बनाउने योजनामा नपा चुकेको हो कि ? वा सरकारले नियुक्ति गरेको इन्जिनियरको अज्ञानता हो ? कर्मचारी नियुक्ति गर्दा सरकारको विचार फराकिलो हुनुपर्नेमा सङ्कुचित भएको देखिन्छ । आशा छ, अबको दिनमा कर्मचारी नियुक्ति हुँदा वा इन्जिनियरहरू नियुक्ति हुने समयमा सिक्ने इच्छा भएकोलाई अवसर दिनु उचित हुन्छ ।

बेखाल कभर्ड हलको नक्सा तयार गर्ने इन्जिनियरलाई टेबलुटेनिस हल कस्तो हुन्छ भन्ने कुरा थाहा हुनुपर्छ । थाहा नभएको भए सम्बन्धित विज्ञहरूसँग छलफल गरी सहकार्य गर्न आवश्यक छ ।

त्यस भवन बनाउने क्रममा सम्बन्धित खेलको खेलाडीले नपाको टेबलुटेनिस भवनको नक्सा बनाउने को हो ? राम्रोसँग बुझ्ने गरी देखाइदिनु हुन्छ कि भनेर अनुरोध गरेका थिए । खेलाडीहरूको कुरा इन्जिनियरसा'बको कानभित्र नपुगेको हो कि ? तिनीहरूको कुरा सुनेको भए अहिले भक्तपुर नगरपालिकाको टेबलुटेनिस कभर्ड हल बाहिरबाट जति आकर्षित देखिएको छ, भित्रको बनावट पनि त्यति नै आकर्षित हुने थियो । हलभित्र पुग्ने बित्तिकै नाटक मञ्चमा पुगेको जस्तो भान हुन्छ । भित्रको बनावटअनुसार १४ वटा ट्वाइलेट अनावश्यक छ । चेन्जिङ रूम र झ्यालहरू अव्यवस्थित छन् । भवन खेलकुद भवनजस्तो देखिँदैन । त्यति धेरै ट्वाइलेट किन ? चेन्जिङ रूम किन ? बरण्डा किन ? अन्डरग्राउन्डमा ट्वाइलेटको व्यवस्था गरी माथि पुरै तला हल बनाएको भए सोचेभन्दा राम्रो र धेरै खेलाडीले उपयोग गर्न पाउँथे ।

खेलकुदको विकासले समाजमा परिवर्तन ल्याउन सक्छ । खेलकुद एउटा साधारण परिवारको व्यक्तिले कुनै एउटा खेलमा निरन्तरता दिएर आफ्नो ठाउँ, जिल्ला, प्रदेश वा देशको नाम र झन्डा विदेशी भूमिमा इज्जतपूर्वक उठाउन सक्नेछन् । यो कुरालाई ध्यानमा राखी आवश्यकताअनुसार कभर्ड हल निर्माण गरेमा त्यहाँका बालबालिकाहरू कुलतमा लाग्ने सम्भावना कम हुनुको साथै सामूहिक भावनाको विकास हुँदै जानेछ । अहिले हरेक घरको समस्या भनेकै बालबालिकाहरू परिवारको सदस्यलाई भन्दा मोबाइललाई बढी माया गर्छन् । यो भनेको परिवार समाजबाट अलग्गिएर जीवनमा रमाउने अवस्था हो । यस्तै अवस्थाले निरन्तरता पाएपछि समाजमा अराजकता, अव्यवस्थित हत्या, हिंसा वृद्धि हुँदै जाने कुरालाई नकार्न सकिँदैन । खेलकुदले विश्वलाई एक गर्छ जुन विश्व कप हुने समयमा हामी महसुस गर्छौं । भनिन्छ, जुन देशमा खेलकुदको विकास हुन्छ, स्वस्थ जनशक्तिको कारण त्यस देशमा सर्वाङ्गीण विकास गर्न सजिलो हुन्छ ।

सफल खेलाडीलाई नदेखिने शिक्षाको डोरीले बाँध्न सके असल नागरिक हुनेमा दुईमत हुँदैन । कभर्ड हलको भुइँ तला पुस्तकालयमा परिवर्तन गर्न पाए केही हदसम्म कभर्ड हलको शोभा बढाउन सहयोग पुग्ला कि ?

# सामाजिक सञ्जालमा भ्रामक विज्ञापन नगर्न विज्ञापन बोर्डको आग्रह

काठमाडौँ, ४ असार । सामाजिक सञ्जालमार्फत आधारहीन तथा भ्रामक विज्ञापन प्रकाशन तथा प्रसारण गरेको भेटिए कारबाही गरिने विज्ञापन बोर्डले जनाएको छ ।

विज्ञापन बोर्डले बिहीबार सार्वजनिक सूचना जारी गर्दै प्रचलित कानुनले निषेध गरेका, आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधिजन्य पदार्थ तथा सामग्रीको विज्ञापन सामाजिक सञ्जालमा बढ्दै गएको भन्दै त्यस्ता गतिविधि तत्काल रोक्न निर्देशन दिएको हो ।

बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डे खत्रीले सामाजिक सञ्जालमार्फत विभिन्न औषधिजन्य सामग्रीको भ्रामक प्रचारप्रसार गरी सर्वसाधारणलाई भ्रममा पार्ने, ठगी गर्ने तथा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत मापदण्डसमेत उल्लङ्घन भएको विषयमा उजुरीसमेत परेका जानकारी दिनुभयो । यस्ता विज्ञापनले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै झुट्टा दाबीका आधारमा आर्थिक ठगीसमेत हुने जोखिम बढाएको बोर्डको भनाइ छ ।

बोर्डले विशेषगरी कपाल उमार्ने, कपाल लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा निको पार्ने, शरीरको बोसो घटाउने, किड्नी सफा गर्ने, शरीरका विषाक्त पदार्थ हटाउनेलगायत दाबी गरिएका औषधिजन्य पदार्थ तथा अन्य समान प्रकृतिका सामग्रीको प्रचार सामाजिक सञ्जालमार्फत व्यापक रूपमा भइरहेको जनाएको छ । यस्ता सामग्रीको प्रभावकारिताबारे वैज्ञानिक आधार, आधिकारिक स्वीकृति वा आवश्यक प्रमाणीकरणबिना आकर्षक प्रचार सामग्री तयार गरी सर्वसाधारणलाई भ्रमित बनाउने कार्य बढ्दो क्रममा रहेको बोर्डले उल्लेख गरेको छ ।

सूचनामा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ तथा अन्य प्रचलित कानुनविपरीत कुनै पनि विज्ञापन प्रकाशन वा प्रसारण नगर्न तथा नगराउन सम्बन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी, सामग्री उत्पादक, बिक्रेता, डिजिटल प्लेटफर्म सञ्चालक तथा सामाजिक सञ्जाल प्रयोगकर्तासहित सबै पक्षलाई सचेत गराइएको छ ।

कानुनविपरीतका विज्ञापनले उपभोक्ताको स्वास्थ्य, सुरक्षा तथा आर्थिक हितमा प्रतिकूल असर पुऱ्याउने भएकाले त्यस्ता गतिविधिमा संलग्न नहुनसमेत बोर्डले आग्रह गरेको छ । त्यसैगरी, बोर्डले चिकित्सकको सिफारिसमा मात्र बिक्री वितरण गरिने औषधिकोसमेत सामाजिक सञ्जालमा भ्रामक विज्ञापन भइरहेको गुनासो आएको जनाएको छ ।

आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधि वा सामग्रीको प्रचारप्रसारले भ्रम र अफवाह फैलाउने तथा सर्वसाधारणलाई गलत उपचारतर्फ आकर्षित गर्ने जोखिम रहेको बोर्डको निष्कर्ष छ । यस्ता भ्रामक विज्ञापन प्रकाशन वा प्रसारण भएको पाइएमा तत्काल विज्ञापन बोर्डमा उजुरी गर्न पनि बोर्डले अनुरोध गरेको छ । प्राप्त उजुरीका आधारमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइने जनाइएको छ ।

***सिद्धान्त...***

असन्तुष्टि पत्र पठाउँदै संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालको राजीनामा मागे । नेता खनालले संयोजक र सहसंयोजक पदलाई तत्कालीन एमाले र माओवादीबिचको एकताको अर्को संस्करण माने । उनले पार्टीका संयोजक दाहाललाई भावुक पत्र लेख्दै आफूलाई पार्टीभित्र 'खोरजस्तै अनुभूति' भएको दुखेसो पोखे ।

पार्टी एकता भएको महिनौँसम्म पनि आफूलाई कुनै जिम्मेवारी नदिंदा वामदेव गौतमले पनि असन्तोष पोखेका थिए । उनले जिम्मेवारी नदिए पार्टीमा बसेर सहयोग नगर्ने उद्घोष गरेका थिए । अहिले त्यस्तै असन्तोष नेता खनालले पोखे । एकता भएको यो बेलासम्म आफू जिम्मेवारीहीन भएर बस्नु परेको उनको गुनासो हो । राजनीतिक दलबिच एकता हुनु अस्वाभाविक होइन । तर, त्यो एकता सिद्धान्त र विचारको आधारमा हुनुपर्छ । एकता कम्युनिस्ट पार्टीको उद्देश्य पूरा गर्न हुनुपर्छ । आखिर समाजवादी क्रान्तिको निम्ति सच्चा कम्युनिस्ट पार्टीहरूबिच एकता नभई सुखै छैन । त्यो दिन देश, काल र परिस्थितिअनुसार एकदिन जुट्नेछ । देशमा समाजवादी क्रान्ति हुनेछ र व्यापक जनताको हितमा नयाँ सरकार गठन हुनेछ ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

### २०८३ जेठ मसान्तसम्मको वित्तीय विवरण

| | |
|---|---|
| शेयर पुँजी | २५,३८,०५,०००।- |
| जगेडा कोष | २७,५९,०४,८६९।- |
| अन्य कोषहरू | १,०३,५७,६७३।- |
| कुल संस्थागत पुँजी | २७,५९,०४,८६९।- |
| कुल बचत रकम | २,६८,८५,८३,५५७।- |
| ऋण लगानी | १,९३,५७,०६,५१२।- |
| कुल सम्पत्ति | ३,३७,४२,७०,३१६।- |
| तरलता (प्राधिकरणको मापदण्डबमोजिम) | ६३,४८,९८,१३९।- |
| तरलता रकम | १,२९,०२,१८,९६१।- |
| शेयर सदस्य सङ्ख्या | १७४२४ |
| ऋणी सदस्य सङ्ख्या | १४४९ |
| तरलता(प्राधिकरणको मापदण्डबमोजिम) | २३.६१% |
| तरलता प्रतिशत | ४७.९९% |

व्यवस्थापक

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


# विपद् व्यवस्थापनसम्बन्धी सन्देशसहित कार्टुन प्रदर्शनी

काठमाडौँ, ४ असार । काठमाडौँको नक्सालमा बिहीबारदेखि विपद् व्यवस्थापनसम्बन्धी सन्देश बोकेका कार्टुन कला प्रदर्शनी सुरु भएको छ । नेपाल ललितकपा प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र कार्टुनिष्ट क्लब अफ नेपालको सहकार्यमा कार्टुन कला प्रदर्शनी सुरु भएको हो ।

प्रदर्शनीको उद्घाटन गर्दै प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले जुनसुकै काम गर्दा पहिले विपद् बुझ्नुपर्नेमा जोड दिँदै कार्टुनमार्फत विपद्सम्बन्धी सन्देश प्रस्तुत गर्दा सबैको मनमस्तिष्कमा बस्ने बताउनुभयो । उहाँले स्कुल तहदेखि कलामार्फत विद्यार्थीलाई विपद्का बारेमा जानकारीसहित पूर्वतयारीका विषयमा बुझाउँदै जानुपर्नेमा जोड दिनुभयो ।

उहाँले कार्टुन हेरेर मानिसले सजिलै बुझ्ने बताउँदै यसलाई अझै प्रभावकारी बनाएर लैजानुपर्ने उल्लेख गर्नुभयो । यसका लागि प्राधिकरण कलाकारसँग सहकार्यका लागि तयार रहेको उहाँले बताउनुभयो ।

कार्टुनिष्ट क्लब अफ नेपालका अध्यक्ष वासु क्षितिजले विपद् कुन बेलामा आउँछ भन्ने कसैलाई थाहा नहुने भएकाले पूर्वतयारी र पूर्वजानकारी दिनुपर्नेमा जोड दिँदै त्यसको उपयुक्त माध्यम कला भएको बताउनुभयो । उहाँले आगामी दिनमा प्रदेश तथा स्थानीय तहमा यस्ता कार्यक्रम लैजानुपर्नेमा जोड दिनुभयो ।

प्रतिष्ठानकी निवर्तमान प्राज्ञपरिषद् सदस्य सौरगंगा दर्शनधारीले गत वर्षदेखि यो कार्यक्रम सुरु भएको जनाउँदै यसलाई आगामी दिनमा पनि निरन्तरता दिने विश्वास व्यक्त गर्नुभयो । उहाँले यसपालिको प्रदर्शनीमा सबै गरेर ४६ वटा कार्टुन कला प्रदर्शनीमा राखिएका जानकारी दिनुभयो । उक्त प्रदर्शनी यही असार १० गतेसम्म जारी रहनेछ ।

***अवकाशपछि...***

त्यागको भावना पनि चाहिने बताउनुभयो ।

कार्यक्रममा अवकाश प्राप्त शिक्षक चक्रबहादुर चाकतुले २०४३ सालदेखि २०८३ सालसम्मको करिब ४० वर्षको शिक्षण सेवाको क्रममा भोगेको अनेक आरोह अवरोहका अनुभवरू सुनाउँदै समाजमा रहँदा कहिले विद्यार्थी आन्दोलनमा त कहिले राजनीतिक आन्दोलनमा पनि लागियो भन्नुभयो ।

उहाँले भन्नुभयो, "जुनसुकै आन्दोलनमा लागे पनि मूल कुरा समाजको आमूल परिवर्तनकै भावनाले सामूहिक भावनाले नै लागियो । यसै क्रममा २०५४ सालको स्थानीय निर्वाचनमा अध्यक्ष पदमा छालिङमा चुनाव पनि लडियो । तर, प्रतिक्रियावादीहरूले जालझेल गरेर निर्वाचनमा हराए ।"

उहाँले आफ्नो राजनीतिक भावना कसै गरे पनि विचलित नहुने बताउनुभयो ।

कार्यक्रममा शिक्षक प्रतिनिधिद्वय शिवराम बोहजु र सीताराम भ्वयद्योले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अवकाश प्राप्त शिक्षक चाकतुलाई विद्यालय व्यवस्थापन समितिको तर्फबाट कदरपत्र, दोसल्ला र मायाको चिनोबाट सम्मानका साथ बिदाइ गरिएको थियो भने प्रअ चाकतुले प्र.अ.को निमिति कार्यभार सहायक प्रधानाध्यापक सुभद्रा दुवाललाई हस्तान्तरण गर्नुभयो ।

बिदाइ हुनुभएका नवनियुक्त प्रअलाई शिक्षक कर्मचारीहरूले पुष्पगुच्छा र खादाबाट सम्मान गरेका थिए ।

***पहिलो...***

रोकिराख्नुलाई नै ठुलो सफलता मान्नुपर्छ । यसका लागि युक्रेनले युद्ध क्षेत्रमा असाधारणस्तरमा नवप्रवर्तन अलवम्बन गरेर पटक-पटक पर्यवेक्षकहरूलाई चकित पारेको छ ।

नयाँ ड्रोन प्रणाली र सटिक मार हान्न सक्ने प्रविधिको प्रयोगमार्फत युक्रेनले आफ्नो न्यून जनशक्तिका उपलब्धताका कारण उत्पन्न कठिनाइ भर्पाई गर्ने प्रयास गरेको छ । केही सैन्य विश्लेषकले मानवस्रोतको कमी पूरा गर्न रोबोटिक प्रणालीको व्यापक प्रयोग गर्नसमेत सुझाव दिएका छन् । तथापि, युद्ध क्षेत्रमा युक्रेनले अवलम्बन गरेका हरेक नवप्रवर्तनलाई समयक्रममा रुसले आफ्नै खालको प्रविधि प्रयोग गरेर जवाफ दिइरहेको देखिन्छ । परिणामस्वरूप दुवै पक्ष अहिले निर्णायक प्राविधिक सफलता हासिल गर्नुको सट्टा नयाँ प्रविधिको अवलम्बन र त्यसको जवाफी प्रविधिको निर्माणको निरन्तर चक्रमा फसेका छन् ।

युद्धमा प्रविधिको ठुलो महत्त्व हुन्छ, तर यसले जनशक्तिको आवश्यकतालाई प्रतिस्थापन गर्न सक्दैन । पहिलो विश्वयुद्ध तोप, विमान र मेसिनगनको ठुलो स्तरमा प्रयोग गरिएको पहिलो युद्ध थियो । ती नयाँ प्रविधिले युद्धको चरित्र नै बदलिदिए । तर, तिनले युद्धभूमि कब्जा गर्न र जमिनको रक्षा गर्न सिपाहीको आवश्यकता अन्त्य गर्न सकेन । आज पनि यही कुरा सत्य छ । सैन्य सिद्धान्तले लामो समयदेखि मान्यता दिएको तथ्य हो कि ड्रोन, मिसाइल र युद्ध-विमानले शत्रु पक्षमा व्यापक क्षति त पुऱ्याउन सक्छ । त्यस्तै, तिनको युद्धभूमिमा शत्रुको गतिलाई घटाउन सक्छ । तर, जमिन भने केवल सेनाले मात्र कब्जा गर्न र रक्षा गर्न सक्छन् ।

युक्रेन युद्धमा पहिलो विश्वयुद्धका अन्य पक्षको पनि प्रतिध्वनि भेटिन्छ । युद्धभूमिमा युक्रेनको सफल ड्रोन प्रयोगलाई सन् १९१८ को वसन्तकालमा जर्मनीले प्रयोगमा ल्याएको उच्च क्षमतायुक्त 'स्ट्रोमट्रुपर्स' फौजको उल्लेखनीय सफल प्रयोगसँग तुलना गर्न सकिन्छ । तर, अन्य युद्धमा यस नवप्रवर्तनले पनि स्थायी फाइदा प्रदान गरेन । बेलायती र फ्रान्सेलीले नयाँ प्रविधिअनुरूप रणनीति बनाएर जवाफ दिन थाले । अन्ततः धेरै कुरामा सुधार गरेर तिनले जर्मन फौजको प्राविधिक अग्रताको प्रभाव निस्तेज बनाउन सफल भए ।

पहिलो विश्वयुद्धको रणनीतिक सन्तुलनलाई रणनीतिक नवप्रवर्तन वा निर्णायक प्राविधिक सफलताले बदलेको थिएन । अमेरिकी सेना र नौसेनाको युद्धमा आगमनले युद्धको दिशा पूरै बदलिएको थियो । २० लाखभन्दा बढी अमेरिकी सैनिक बेलायत र फ्रान्सको पक्षमा युरोपमा आएपछि जर्मनीलाई समय आफ्नो पक्षमा नरहेको विश्वस्त पाऱ्यो । तथापि, युक्रेनको पक्षमा कुनै शक्ति प्रवेश गर्ने सम्भावना अहिले देखिँदैन । युद्ध मैदानमा प्रविधिको प्रयोगले केही भरथेग त गरेको होला, तर युक्रेन युद्धमा पनि मानवीय सहनशीलताको प्रतिस्पर्धा देखिएको छ; पहिलो विश्वयुद्धमा जस्तै ।

*('युनिभर्सिटी अफ पोट्र्समाउथ' का सैन्य रणनीति तथा कानुन विषयका सिनियर लेक्चरर लेड्विजको आलेख द कन्भर्सेसनबाट श्रवण उप्रेतीले अनुवाद गरेका हुन् ।)*


## कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- ❖ कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- ❖ आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- ❖ उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- ❖ जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- ❖ कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- ❖ विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- ❖ स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- ❖ व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मूल्यवृद्धिले खाद्यान्न ढुवानी प्रभावित

काँक्रेविहार (सुर्खेत), ४ असार । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कर्णाली प्रादेशिक कार्यालय वीरेन्द्रनगरमा रहेको खाद्य गोदाममा अत्यावश्यक दैनिक उपभोग्यवस्तु भरिभराउ रहेको छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएसँगै खाद्यान्न ढुवानीको जिम्मेवारी पाएका ढुवानीकर्ताले भाडा महँगो हुने भन्दै ढुवानी रोकेपछि खाद्यान्न प्रदेश कार्यालयमा थन्किएको छ ।

पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै ढुवानी भाडा महँगो भएको कारण देखाइ खाद्यान्न ढुवानी कार्य प्रभावित भइरहेको प्रदेशिक कार्यालय प्रमुख केशवराज बुढाले जानकारी दिनुभयो ।

भाडाका सम्बन्धमा मूल्य समायोजन नभएको भन्दै ढुवानीको काम रोकिएको उहाँले बताउनुभयो । सुर्खेतबाट कर्णालीका १० जिल्लामा खाद्यान्न ढुवानी हुँदै आएको छ ।

हिमाली जिल्लामा चिसो मौसममा हिउँले बाटो अवरुद्ध हुने भएकाले यो समय पालिकासँग कम्पनीले सम्झौता गरेर खाद्यान्न ढुवानीको काम तीव्रताका साथ गर्नुपर्नेमा त्यो कार्य प्रभावित भएको छ । मूल्यवृद्धि भएसँगै त्यस क्षेत्रमा ३० प्रतिशत मात्र खाद्यान्न ढुवानी भएको छ ।

***जाँचबुझ..***

राति १०:०० बजेतिर मेरो कमान्डरको गाडीमा बसेर सिंहदरबार आइपुग्दा हाम्रो कार्यालय भवन जलिरहेको थियो । केही व्यक्तिले कार्यालयमा रहेका सरसामान चोर्ने प्रयास गरिरहेका थिए । तीमध्ये ४ जना पुरुषलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी परिसर काठमाडौँमा बुझायौँ । त्यसपछि अं. ०१:०० बजेतिर नेपाली सेनाको जङ्गी अड्डाभित्र गएर सुत्यौँ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा